DEMOCRACY
RESOURCE CENTER
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

नेपालको राष्ट्रिय जनगणना २०७८

गणनाको पर्यवेक्षण

फागुन २०७८

नेपालको राष्ट्रिय जनगणना २०७८

गणनाको पर्यवेक्षण

अंकलाल चलाउने
अनुभव अजीत
अरुना लिम्बू
ईश्वरी भट्टराई
चिरन मानन्धर
जोन कार्की

DEMOCRACY
RESOURCE CENTER
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

नेपालको राष्ट्रिय जनगणना २०७८ : गणनाको पर्यवेक्षण

प्रकाशन वर्ष २०७८ (सन् २०२२)

अंकलाल चलाउने
अनुभव अजीत
अरुना लिम्बू
ईश्वरी भट्टराई
चिरन मानन्धर
जोन कार्की

प्रकाशक
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

डीआरसीएन आवधिक प्रतिवेदन - १४

काठमाडौँ, नेपालमा मुद्रित

विषयसूची

धन्यवाद	ङ
१. परिचय	१
२. पर्यवेक्षण विधि र क्षेत्र	२
३. प्रशासनिक संरचना र जनशक्ति व्यवस्थापन	३
३.१. जनगणना कार्यालय र कर्मचारी	३
३.२. सुपरिवेक्षक र गणक भर्ना तथा तालिम	४
सुपरिवेक्षक तालिम	४
गणक तालिम	५
३.३. प्रचारप्रसार	७
४. समन्वय तथा सहकार्यका संयन्त्र	९
५. घर तथा घरपरिवार सूचीकरण	१२
यौनिक अल्पसंख्यकको गणना	१३
६. गणनाको पर्यवेक्षण	१५
६.१. सुपरिवेक्षक-गणक अनुपात	१५
६.२. गणना सामग्री वितरण	१६
६.३. गणक तथा सुपरिवेक्षकको समावेशिता र स्थानीयता	१७
६.४. प्रश्नावली र विषयवस्तुबारे गणकको ज्ञान	१८
६.५. गणनाक्षेत्र, गणना अवधि र गणना गर्नुपर्ने परिवार संख्या	१९
६.६. सामुदायिक प्रश्नावली	२०
६.७. जातजाति, धर्म र भाषाको गणना	२१
६.८. अपाङ्गता भएका व्यक्तिको गणना	२२
६.९. गणकले भोगेका समस्या	२३
प्रश्नावलीमा समस्या	२३
घरमूली भेट्न झेलेका समस्या	२४

भाषाको समस्या २५
गणकले भोगेका अन्य समस्या २५
६.१०. गणनाको अनुगमन २६
७. गणनामा विभिन्न समुदायको संस्थागत अभियान र यसको प्रभाव २८
७.१. सामुदायिक अभियान २९
जनजातिको अभियान २९
रौनियार समाजको अभियान ३०
कायत एकता समाजको अभियान ३०
दलितको अभियान ३१
मगही फाउण्डेशनको अभियान ३१
मुस्लिम समुदायको अभियान ३२
गनगाई समुदायको अभियान ३२
मारवाडी समुदायको अभियान ३३
कबिर पन्थी धर्म लेखाउने अभियान ३३
प्रकृतिपूजक लेखाउने अभियान ३३
७.२. अभियानले गणनामा पारेको प्रभाव ३४
८. निष्कर्ष ३५

धन्यवाद

राष्ट्रिय जनगणना २०७८ को पर्यवेक्षणका क्रममा अन्तर्वार्ता गरिएका गणक, सुपरिवेक्षक, प्रशिक्षक, जनगणना अधिकारी र गणनामा खटिएका कर्मचारी; प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी; जातीय, धार्मिक, भाषिक तथा यौनिक अल्पसंख्यक समुदायका अभियन्ता; अपाङ्गतासम्बन्धी अधिकारकर्मी; पत्रकार र नागरिक सबैलाई धन्यवाद छ ।

द एसिया फाउण्डेशनले यो अध्ययनलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरेको हो । यस प्रतिवेदनका सबै निचोड र विश्लेषण डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) को अध्ययनमा आधारित छन् र तिनले सहयोगी संस्थाको धारणा प्रतिबिम्बित नगर्न सक्छन् ।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर

१. परिचय

नेपालमा वि.सं. १९६८ देखि प्रत्येक १० वर्षमा राष्ट्रिय जनगणना गरिँदै आएको छ। केन्द्रीय तथ्याङ्क विभागले संयुक्त राष्ट्रसंघले जोड दिएका विशेषताअनुसार वैज्ञानिक तरिकाले राष्ट्रिय जनगणना गर्दछ।[१] वि.सं. २०७८ मा सम्पन्न जनगणना १२ औँ हो र नेपालले संघीय संरचना अवलम्बन गरे पछिको पहिलो हो। यसबाट पहिलोपटक सात प्रदेश, ७५३ स्थानीय तह र ६,७४३ वडाको महत्वपूर्ण जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक पक्षसम्बन्धी नयाँ तथ्याङ्क प्राप्त हुनेछ। केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणनाका लागि मुख्यतया तीन क्रियाकलाप गर्ने गरेको छ। पहिलो, जनगणनाको पूर्वतयारी (Pre-census activities); दोस्रो, गणना (Enumeration)[२] र तेस्रो, गणना पश्चातका क्रियाकलाप (Post-enumeration activities)। पूर्व तयारी गरिसकेपछि विभागले गणना दुई चरणमा गऱ्यो। पहिलो चरणमा भदौ ३० देखि असोज १८, २०७८ सम्ममा घर तथा घरपरिवार सूचीकरण सम्पन्न भयो। दोस्रो चरणमा कात्तिक २५ देखि मंसिर ९, २०७८ सम्ममा मुख्य प्रश्नावलीमार्फत विस्तृत विवरण संकलन गऱ्यो। दोस्रो चरणमै देशभरका प्रत्येक स्थानीय तहका सबै वडाबाट सामुदायिक प्रश्नावलीमार्फत वडास्तरको आधारभूत स्रोत, साधन, क्षमता, पूर्वाधार र विपद्सम्बन्धी विवरण संकलन गऱ्यो।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले राष्ट्रिय जनगणनाको प्रक्रिया र क्रियाकलाप पर्यवेक्षण गर्ने उद्देश्य लिएको थियो। यसै अनुरूप डीआरसीएनले 'राष्ट्रिय जगणना २०७८' को पहिलो चरण अर्थात् पूर्वतयारीको अध्ययन गरी एक प्रतिवेदन असार २०७८ मा नै प्रकाशित

---

[१] संयुक्त राष्ट्रसंघले जनगणनामा प्रत्येक व्यक्तिको गणना (individual enumeration), परिभाषित भूगोल सार्वभौमिक गणना (universality within a defined territory), एकसाथ गणना (simultaneity), र परिभाषित आवधिकता (defined periodicity) र ससानो भूगोलको खण्डीकृत तथ्याङ्क उत्पादन गर्ने (capacity to produce small-area statistics) मा जोड दिएको छ। https://unstats.un.org/unsd/demographic-social/Standards-and-Methods/files/Principles_and_Recommendations/Population-and-Housing-Censuses/Series_M67rev3-E.pdf पेज ३-४ हेर्नुहोस्।

[२] विभागले गणनाका लागि तीन किसिमका प्रश्नावली: घर तथा घरपरिवार सूचीकरण प्रश्नावली, मुख्य प्रश्नावली (व्यक्तिगत र पारिवारिक विवरण संकलनका लागि) र सामुदायिक प्रश्नावली (वडा तहको विवरण संकलनका लागि) को उपयोग गरेको थियो।

गरिसकेको छ ।[३] यो दोस्रो प्रतिवेदन गणनाको पर्यवेक्षणका आधारमा तयार पारिएको हो । यसको मुख्य उद्देश्य जनगणनाको तथ्याङ्क संकलन विधि, प्रक्रिया र यसका सैद्धान्तिक एवम् व्यावहारिक पक्षलाई केलाउने र त्यसलाई सरोकारवालामाझ बहसमा ल्याई आगामी दिनमा नीतिगत र व्यावहारिक सुधारमा मद्दत पुऱ्याउने हो ।

२. पर्यवेक्षण विधि र क्षेत्र

डीआरसीएनले राष्ट्रिय जनगणना २०७८ को शुरूदेखि अन्तिमसम्म पर्यवेक्षण गरेको थियो । यस क्रममा मुख्यतया गुणात्मक पक्षमा ध्यान दिइएको थियो । पर्यवेक्षणका लागि भौगोलिक र सामाजिक विविधतालाई ध्यानमा राखेर प्रदेश, जिल्ला, स्थानीय तह र गणना क्षेत्र छनोट गरिएको थियो । प्रदेश १ मा इलामको सूर्योदय नगरपालिका, झापाको मेचीनगर नगरपालिका र कचनकवल गाउँपालिका, सुनसरीको इनरुवा नगरपालिका र देवानगंज गाउँपालिका; मधेश प्रदेशमा धनुषाको जनकपुर उपमहानगरपालिका, मिथिला नगरपालिका, नगराइन नगरपालिका र बटेश्वर गाउँपालिका; बागमती प्रदेशमा मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका, थाहा नगरपालिका र भिमफेदी गाउँपालिका; लुम्बिनी प्रदेशमा दाङको गढवा गाउँपालिका, लमही नगरपालिका, घोराही उपमहानगरपालिका र बबई गाउँपालिका; रोल्पाको रुन्टीगढी गाउँपालिका, त्रिवेणी गाउँपालिका र थबाङ गाउँपालिका; र गण्डकी प्रदेशमा बागलुङको ढोरपाटन नगरपालिका र निसीखोला गाउँपालिका गरी कुल २१ स्थानीय तहका गणना क्षेत्रमा पर्यवेक्षण गरिएको थियो । प्रदेश, जिल्ला र स्थानीय तहका जनगणना अधिकारी, सुपरिवेक्षक, गणक, संघसंस्थाका प्रतिनिधि र नागरिक गरी कुल २५० उत्तरदातासँग संवाद गरिएको थियो । पर्यवेक्षणका क्रममा गणक, सुपरिवेक्षक तथा जनगणना अधिकारीहरूको काम र तथ्याङ्कको गोपनीयतामा कुनै असर नपरोस् भन्नेमा अनुसन्धाताहरू सचेत थिए । उपलब्ध जानकारीलाई गुणात्मक विधिमार्फत विश्लेषण गरिएको छ । सीमित स्थान, व्यक्ति वा सरोकारवाला सँगको संवादका आधारमा तयार गरिएकोले यस प्रतिवेदनका निष्कर्ष तथा निचोड सामान्यीकरण गर्न नमिल्न सक्छ ।

---

[३] प्रतिवेदन www.democracyresource.org/wp-content/uploads/2021/07/FINAL-Nepal-National-Census-2078-v.s.-13July2021-1.pdf मा उपलब्ध; फागुन २, २०७८ मा हेरिएको ।

प्रतिवेदनको यस पछिको खण्डमा जनगणना सञ्चालनका लागि प्रशासनिक संरचना र जनशक्ति व्यवस्थापनबारे चर्चा गरिएको छ जसमा कार्यालय स्थापना, जनशक्ति छनोट तथा तालिम र जनगणनाको प्रचारप्रसार समेटिएको छ। चौथो खण्डले जनगणनाका क्रममा भएको समन्वय र सहकार्यको लेखाजोखा गर्छ। घर तथा घरपरिवार सूचीकरणबारे पाँचौँ खण्डमा विमर्श गरिएको छ। छैटौँ खण्डमा जनगणनाको पर्यवेक्षणमा उपलब्ध जानकारी राखिएको छ। त्यसै गरी विभिन्न समुदायको संस्थागत अभियान र त्यसले गणनामा पारेको प्रभावबारे वर्णन सातौँ खण्डमा छ। अन्त्यमा निष्कर्ष छ।

३. प्रशासनिक संरचना र जनशक्ति व्यवस्थापन

३.१. जनगणना कार्यालय र कर्मचारी

केन्द्रीय तथ्याङ्क विभागले जनगणना सञ्चालन तथा व्यवस्थापनका लागि सबै जिल्लामा जिल्लास्तरीय जनगणना कार्यालय स्थापना गऱ्यो। भूगोल र जनघनत्वका आधारमा केही जिल्लामा एकभन्दा बढी कार्यालय स्थापना गरिएकोले ७७ जिल्लामा कुल ८७ जिल्ला जनगणना कार्यालय स्थापना गरिए। तीमध्ये प्रदेश राजधानी रहेको जिल्लामा स्थापित एउटा कार्यालयलाई प्रदेश सरकारसँग समन्वय गर्ने गरी प्रदेश जनगणना कार्यालय बनाइयो। स्थानीय तहमा कुल ७५३ स्थानीय तह हेर्ने गरी ३४९ स्थानीय जनगणना कार्यालय स्थापना गरियो। एउटा स्थानीय जनगणना कार्यालयले कम्तीमा दुईदेखि तीन पालिकामा जनगणनाको सञ्चालन तथा व्यवस्थापन गऱ्यो।

प्रदेश जनगणना कार्यालयमा बढीमा १० जना कर्मचारीको दरबन्दी थियो। तीमध्ये चार जना स्थानीय जनगणना कार्यालयका लागि थिए। सबैजसो स्थानीय जनगणना कार्यालयमा तीन या चार कर्मचारी खटिएका थिए। यी कर्मचारीको जिम्मेवारीमा गणकको तालिम सञ्चालन तथा व्यवस्थापन, गणक परिचालन र गणक तथा सुपरिवेक्षक सहजीकरण जस्ता काम थिए। त्यसबाहेक गणना सामग्री उपलब्ध गराउने एवम् गणक तथा सुपरिवेक्षकको कार्यसम्पादनको सुपरिवेक्षण गर्ने जिम्मेवारी पनि तिनै कर्मचारीको थियो।

३.२. सुपरिवेक्षक र गणक भर्ना तथा तालिम

विगतका जनगणनामा सामुदायिक विद्यालयका शिक्षकलाई गणक र सुपरिवेक्षक बनाइन्थ्यो । तर यसपटक भने केन्द्रीय तथ्याङ्क विभागले खुला प्रतिस्पर्धाबाट तिनको छनोट गर्ने नीतिअनुरूप योग्यता तोकी अनलाइन आवेदन आह्वान गऱ्यो । माघ ११ देखि चैत ११, २०७७ को समय सीमामा परेका आवेदनको आधारमा विभागले सुपरिवेक्षक र गणक सम्बन्धित जिल्ला जनगणना कार्यालयले छनोट गर्ने गरी संक्षिप्त सूची तयार गऱ्यो । वैकल्पिक उम्मेदवारका कारण यो सूची आवश्यक दरबन्दीभन्दा ३० प्रतिशतले बढी थियो । आवेदन फारम भर्दा गणक र सुपरिवेक्षकलाई आफूले काम गर्न चाहेका कुनै दुई स्थानीय तह प्राथमिकतामा राख्न भनिएको थियो । स्थानीय भाषा र संस्कृतिको ज्ञान भएका स्थानीय सुपरिवेक्षक र गणकलाई छनोटमा प्राथमिकता दिइएको थियो । जनगणनाका लागि गरिएको यो परिवर्तनलाई सबैजसो सरोकारवालाले सकारात्मक मानेका थिए ।[४]

केन्द्रीय तथ्याङ्क विभागले जनगणनामा संलग्न हुने जनशक्तिका लागि संघीय, प्रदेश र स्थानीय गरी तहगत तालिम आयोजना गरेको थियो । संघीय तहको तालिमबाट राष्ट्रिय प्रशिक्षक तयार पारियो । तिनले प्रदेश स्तरमा मुख्य प्रशिक्षकहरूलाई तालिम दिए जसमा स्थानीय विद्यालयका शिक्षक तथा कलेजका प्रध्यापक, स्थानीय स्तरमा कार्यरत संघीय तथा स्थानीय निजामती सेवाका कर्मचारी र स्थानीय जनगणना अधिकारी सहभागी भए । उनीहरूले जिल्ला र स्थानीय जनगणना कार्यालय स्तरमा सुपरिवेक्षक र गणकलाई तालिम दिए ।

सुपरिवेक्षक तालिम

जिल्ला जनगणना कार्यालयहरूले चैत २०७७ मा सुपरिवेक्षक छनोट गरी वैशाख १६, २०७८ देखि तालिम शुरू गरे । तर सोही अवधिमा कोभिड-१९ महामारीका कारण

[४] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) । २०७८ । राष्ट्रिय जनगणना २०७८ : पूर्व तयारी र बहसका विषय । ललितपुर : डीआरसीएन । www.democracyresource.org/wp-content/uploads/2021/07/FINAL-Nepal-National-Census-2078-v.s.-13July2021.pdf मा उपलब्ध ; फागुन २, २०७८ मा हेरिएको ।

गरिएको देशव्यापी बन्दाबन्दी (लकडाउन) ले गर्दा उक्त एक हप्ते तालिम चार दिनमै रोक्नु पऱ्यो । वैशाख १९, २०७८ को मन्त्रिपरिषद्को बैठकले जनगणनाका सम्पूर्ण गतिविधि स्थगित गरिदियो ।[५] कोभिड-१९ महामारीको स्थिति सहज बन्दै गएपछि विभागले प्रस्ताव गरेको नयाँ कार्यतालिकालाई मन्त्रीपरिषद्को भदौ २१, २०७८ को बैठकले स्वीकृत गऱ्यो ।[६] त्यसपछि जनगणनाका गतिविधि पुन: अघि बढे ।

वैशाखमा तालिम पाएका केही सुपरिवेक्षक पछि उपलब्ध हुन सकेनन् र वैकल्पिक सूचीबाट नयाँ उम्मेदवार छनोट गरियो । वैकल्पिक सूचीबाट पनि सुपरिवेक्षकको पूर्ति हुन नसक्दा स्थानीय र जिल्ला जनगणना कार्यालयहरूले विभागसँग समन्वय गरी स्थानीय स्तरबाटै सुपरिवेक्षक छाने । यसरी लिइएका नयाँ सुपरिवेक्षक र पहिले तालिम लिएकालाई एकैसाथ राखेर भदौ २७-२८, २०७८ मा तालिम सञ्चालन गरियो । वैशाखमा चार दिन तालिम लिएका सुपरिवेक्षकले थप दुई दिनको तालिममा सहभागी हुन पाउँदा बिर्सिसकेको विषयवस्तु सम्झिन सजिलो भएको बताए भने नयाँ सुपरिवेक्षकले भने दुई दिनको मात्र तालिम पाउँदा पूरा विषयवस्तु बुझ्न समय पर्याप्त नभएको बताए । मकवानपुरको हेटौडा नगरपालिकामा दुई दिन मात्र तालिम पाएका एक सुपरिवेक्षकले आफूजस्ता नयाँ सुपरिवेक्षकहरूलाई तालिम पर्याप्त नभएको बताए । "तालिम छिटो-छिटो सक्ने काम मात्र भयो । धेरै कुरा बुझ्न पाइएन । शुरू-शुरूमा काम गर्न गाह्रो भयो । पहिले तालिम लिइसकेका साथीहरू र सरहरूलाई सोधेर काम गरियो," ती सुपरिवेक्षकले भने ।

गणक तालिम

केन्द्रीय तथ्याङ्क विभागले असोज २०७८ मा गणकको संक्षिप्त सूची प्रकाशन गऱ्यो । जसबाट जिल्ला/स्थानीय जनगणना कार्यालयले गणक छाने । देशभर करिब ४० हजार गणक उक्त छनोटमा परेका थिए । तिनले कात्तिक १३-१६, २०७८ को अवधिमा चार दिवसीय

---

[५] निर्णय: www.opmcm.gov.np/download/संवत्-२०७८-साल-वैशाख-महिन/?wpdmdl=7277&refresh=61a9ef5caf5951638526812 मा उपलब्ध; फागुन २, २०७८ मा हेरिएको ।

[६] निर्णय: www.opmcm.gov.np/download/संवत्-२०७८-साल-भाद्र-महिन/?wpdmdl=7472&refresh=61a9c3ca0a71f1638515658 मा उपलब्ध; फागुन २, २०७८ मा हेरिएको ।

तालिम पाए। कोभिड-१९ महामारीले जनगणना प्रभावित हुनुभन्दा पहिले छ दिनको लागि तय गरिएको गणकको तालिम घटाएर चार दिनमा सीमित गरिएको थियो।

गणकलाई उपलब्ध हुनुपर्ने तालिम सामग्री अधिकांश स्थानमा पर्याप्त नै भएको जनगणना अधिकारीहरूले बताए। तर कतै कतै केही गणकलाई तालिम सामग्री अपुग हुन पुगेको पनि पाइयो। पूर्व निर्धारित दरबन्दीमा गणकको संख्या थप हुन जाँदा त्यसो भएको बुझियो। घर तथा घरपरिवार सूचीकरणमा पूर्वानुमान गरिएभन्दा धेरै घरपरिवार सूचीकरण भएकोले यसरी गणक थप गर्नुपरेको थियो।

प्रदेश स्तरको तालिममा सहभागी भएका मुख्य प्रशिक्षकहरूले गणकहरूलाई तालिम दिए। स्थानीय विद्यालयका माध्यमिक तह वा सोभन्दा माथिल्लो तहका शिक्षक, स्थानीय स्तरमा कार्यरत संघीय तथा स्थानीय निजामती सेवाका कर्मचारी र प्रदेश एवम् जिल्ला जनगणना अधिकारीले तोकेका स्थानीय जनगणना अधिकारी मुख्य प्रशिक्षक थिए। गणकलाई २०-३० जनाको समूह बनाई हरेक समूहलाई छुट्टै राखेर प्रशिक्षण दिइएको थियो। तथ्याङ्क विभागले गणकलाई विभिन्न मल्टीमिडियाको उपयोग गरी सैद्धान्तिक र व्यावहारिक विधिबाट तालिम दियो। बिजुलीका साथै कम्प्युटर र प्रोजेक्टर उपलब्ध भएका स्थानमा पावरप्वाइन्ट स्लाइड र अन्य श्रव्यदृश्य सामग्रीको उपयोग गरी तालिम दिइएको थियो।

धेरैजसो गणकले विषयवस्तु र प्रश्नावली भर्नेबारे आधारभूत ज्ञान प्रशिक्षणबाट पाएको बताए। श्रव्यदृश्य सामग्रीको उपयोग गरेर हरेक प्रश्नलाई एकएक गरी केलाउँदै प्रशिक्षणलाई प्रभावकारी बनाउन खोजिएको थियो। जनगणनामा आउन सक्ने चुनौती र तिनलाई समाधान गर्ने उपायबारे समेत तालिमबाट पर्याप्त ज्ञान पाउन सकेको गणकहरूले बताए। यद्यपि केही गणकले तालिममा सैद्धान्तिक ज्ञान बढी दिइएको र व्यावहारिक अभ्यास कम भएको महसुस गरेका थिए। प्रश्नावली ज्यादै विस्तृत हुँदाहुँदै पनि जम्मा चार दिन मात्रै प्रशिक्षणका लागि छुट्ट्याइएकोमा गणकहरूको गुनासो थियो। उक्त प्रशिक्षण अवधिमा प्रयोगात्मक अभ्यास कम भएको तिनले बताए। मेचीनगर नगरपालिकाका एक गणकले भने, "गणकलाई दिएको तालिम औपचारिकता पूरा गर्ने किसिमको मात्र भयो। हामी सहभागीले तालिममा उदाहरण र व्यावहारिक ज्ञानसहित बुझ्न पाउने अपेक्षा राखेका थियौँ।" प्रशिक्षणमा पर्याप्त व्यावहारिक अभ्यास गराउन नसकेको जनगणना अधिकारीहरूले पनि स्वीकारे। इलामका एक जनगणना अधिकारीले भने, "तालिमको समय छोटो भएकाले सैद्धान्तिक पक्षलाई मात्र समेट्न सकियो। गणकहरूलाई अन्तरक्रियात्मक शैलीमा व्यावहारिक अभ्यास गराएर तालिम दिन नसकिएको

र प्रशिक्षकको एकोहोरो प्रवचनले गणकहरूलाई तालिम पट्ट्यारलाग्दो भएको थियो ।" मुख्यतया आर्थिक क्रियाकलापको विवरण, बसाइँसराइ र बाल मृत्युको प्रश्नमा अन्योल भएको गणकहरूले बताए । उनीहरूलाई घरायसी कामकाज वा सामान्य भनिने काम कुन आर्थिक क्रियाकलापमा पर्छ भनेर छुट्ट्याउन गाह्रो परेको थियो । दुई जना प्रशिक्षकहरूबीच सामञ्जस्य नभएको र एउटै विषयमा विरोधाभासपूर्ण सुझाव आएको अनुभव केही गणकहरूले सुनाए । प्रशिक्षकहरूको यस्तो अलमलले गर्दा केही निश्चित प्रश्नहरूमा ती गणकका अन्योल बाँकी नै थिए र अन्योलसहित उनीहरू काममा खटिए ।

झापामा तालिमलाई प्रभावकारी बनाउने उद्देश्यले शहरी इलाका र ग्रामीण क्षेत्रका गणकलाई छुट्टाछुट्टै समूहमा राखी तालिम सञ्चालन गरेको थियो । यसो गर्दा शहरी इलाका र ग्रामीण क्षेत्रको आर्थिक क्रियाकलाप, पेशा र व्यवसायबारे गणकलाई बुझाउन सजिलो भएको बताइयो । त्यसै गरी विभागले तोकेको तालिम अवधि (कात्तिक १३-१६, २०७८) मा अनुपस्थित गणकहरूलाई कात्तिक २१-२४ सम्म छुट्टै तालिम सञ्चालन गरिएको थियो । कारणवश यी दुवै तालिममा अनुपस्थित गणक र तालिमप्राप्त कुनै गणकले छोडेपछि सट्टामा आएका नयाँ गणकलाई भने एकदिने अभिमुखीकरण गराई गणनाक्षेत्रमा खटाइएका केही उदाहरण पनि थिए । गणकले बीचमै काम छोड्ने सम्भावनालाई ध्यान दिएर केही स्थानमा तालिम दिएरै जगेडा गणकको व्यवस्था गरिएको थियो । गणना नसकिँदै गणकले काम नछोडून् भनेर रोल्पाको एउटा जनगणना कार्यालयले गणकका सक्कल शैक्षिक प्रमाणपत्र नै धरौटी राखेको पाइयो ।

३.३. प्रचारप्रसार

विभागले जिल्ला जनगणना कार्यालयलाई सूचना तथा प्रचारप्रसारका सामग्री र आवश्यक बजेट फागुन-चैत २०७७ मा नै उपलब्ध गराएको थियो । जिल्ला जनगणना कार्यालयले प्राप्त गरेका त्यस्ता सामग्रीमा पत्रपत्रिका, टीभी तथा एफएम रेडियोका लागि प्रचार सामग्री, पोष्टर, पम्पलेट, नमूना प्रश्नावली लगायत रहेको जनगणना अधिकारीहरूले बताए । प्रचारप्रसारका लागि यी सामग्री जिल्ला जनगणना कार्यालयले स्थानीय जनगणना कार्यालयमा वितरण गरेको थियो । यस्ता कतिपय सामग्रीमा मितिसमेत उल्लेख गरिएको थियो । तर कोभिडको महामारी र त्यसका कारण देशमा लागु भएको लकडाउनले गर्दा जनगणनाको तिथिमिति

पछि धकेलियो। जनगणना अधिकारीहरूका अनुसार शुरूको कार्यतालिका स्थगित भएपछि मिति उल्लेख नभएका सामग्री मात्र उपयोगमा आउन सके। पछि विभागले मिति अद्यावधिक गरिएका प्रचार सामग्री पठाएको भए पनि ती पर्याप्त नभएको जनगणना अधिकारीहरूले बताए।

नागरिकले जनगणनाबारे रेडियो, टेलिभिजन र पत्रपत्रिकामार्फत यथेष्ट सन्देश प्राप्त गरेका थिए। यी सञ्चार माध्यमको पहुँच नभएका स्थानमा टेलिफोनमा रिङब्याक टोनका रूपमा बजाइएका सन्देशको प्रभावकारिता बढी देखियो । तर मोबाइल फोन सञ्जालको पहुँच नभएका केही ग्रामीण क्षेत्रमा जनगणनाबारे जानकारी नपुगेको पनि पाइयो। इलामको सूर्योदय नगरपालिकामा खटिएका गणकका अनुसार त्यस पालिकाका केही स्थान नेपालका टेलिफोन सेवा प्रदायक संस्थाको नेटवर्कबाहिर थिए। त्यहाँका नागरिकले सञ्चारका लागि सीमा पारि (भारत) को टेलिफोन सेवा प्रदायकका सिम कार्ड प्रयोग गर्ने हुनाले रिङब्याक टोनमा आउने जनगणनासम्बन्धी जानकारी पाएका थिएनन्।

जनगणनाबारे सूचना तथा सन्देश प्रायजसो नेपाली भाषा र अन्य बहुसंख्यकले बोल्ने भाषामा[७] प्रकाशित तथा प्रसारित गरिएको हुँदा अल्पसंख्यक भाषा बोल्ने केही समुदायमा पुगेको थिएन। उदाहरणको लागि झापाको राजवंशी समुदायमा नेपाली भाषामा प्रसारित जनगणना सन्देश युवा र पढेलेखेकाले बुझे पनि वृद्ध-वृद्धा र निरक्षरहरूले बुझेका थिएनन्।

विभिन्न संघ-संस्थाले जनगणनाबारे चलाएका अभियानबाट पनि नागरिकले जनगणनाबारे सन्देश प्राप्त गरेका थिए। धनुषामा मगही फाउण्डेशन नामक संस्थाले समुदाय स्तरमा मगही भाषा लेखाउने अभियानस्वरूप जनगणना शुरू हुने अघिल्लो दिन आमसभा गरेको थियो र त्यसबारे नागरिक जानकार थिए।

पर्यवेक्षण गरिएका धेरै स्थानमा जनगणनाबारे सन्देश पाएका कतिपय नागरिक पनि जनगणना कहिलेदेखि कहिलेसम्म हुँदैछ भन्नेबारे जानकार नभएको पाइयो । केही नागरिकले पहिलो चरणको घर तथा घरपरिवार सूचीकरणलाई नै जनगणना भन्ने पनि ठानेका थिए।

---

[७] विभागले नेपाली समुदायहरूमा बढी संख्यामा बोलिने भाषा (नेपाली, तामाङ, लिम्बू, राना थारू, नेवारी, मैथिली, गुरुङ, डोटेली, भोजपुरी, हिमाली, अवधी, पूर्वी थारू, पश्चिम थारू लगायत) मा जनगणनाबारे सूचनामूलक सन्देश तयार पारेर प्रसारण र वितरण गरेको थियो। https://www.youtube.com/channel/UCoidjNDWNJkg-RbfYrg1Vjg/videos मा उपलब्ध; फागुन ४, २०७८ मा हेरिएको।

४. समन्वय तथा सहकार्यका संयन्त्र

केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापनका लागि विभिन्न संरचनाको कल्पना गरेको छ। *राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६* र *राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७* लगायत कानूनी दस्तावेजमा जनगणना सञ्चालनमा समन्वय र सहकार्य गर्न सकिने विधि र संयन्त्र तोकिएको छ। सरकारी तथा अर्धसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समेत समन्वय र सहकार्य हुन सक्ने यी दस्तावेजको मर्म हो। विभागले जनगणना सञ्चालन तथा व्यवस्थापनको लागि तहगत संयन्त्र निर्माण गरी तीन तहका सरकारसँग समन्वय तथा सहकार्यको आधार तयार गरेको थियो। संघमा निर्देशक समिति तथा प्रदेश, जिल्ला र स्थानीय तहमा समन्वय समिति गठन गरेको थियो। निर्देशक समितिले जनगणनालाई मार्गनिर्देशन गर्ने, आवश्यक प्राविधिक र विषयगत समिति गठन गर्ने, विभिन्न निकाय र तहबीच समन्वय र सहकार्यको व्यवस्था मिलाउने र विकास साझेदार निकायसँग आवश्यक पहल गर्ने जस्ता काम गरेको थियो।

प्रदेश स्तरमा सहजीकरण, समन्वय र मार्ग निर्देशन गर्न प्रमुख सचिवको संयोजकत्वमा प्रदेश जनगणना समन्वय समिति गठन गरिएको थियो। जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला जनगणना समन्वय समिति थियो। त्यस्तै स्थानीय तहमा स्थानीय जनगणना कार्यालय रहने पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजनमा स्थानीय जनगणना समन्वय समिति गठन गरिएका थिए। जिल्ला जनगणना समन्वय समिति र स्थानीय जनगणना समन्वय समितिको बैठक कम्तीमा एक पटक बसेको थियो। केही स्थानमा दुई पटकसम्म यस्तो बैठक भएको पाइयो। यी समितिको काम केन्द्रीय तथ्याङ्क विभागले स्थापना गरेका जनगणना कार्यालयलाई सहयोग र समन्वय गर्ने, सुरक्षा दिने, जनगणनाको प्रचारप्रसार गर्ने र गणना कार्यको अनुगमन र सुपरिवेक्षण गर्ने भनी तोकिएको थियो।

जनगणना सञ्चालनका लागि यी तहगत समिति झैँ गरी तहगत जनगणना कार्यालयहरू स्थापना गरिए। संघमा केन्द्रीय तथ्याङ्क विभागले मुख्य भूमिका खेल्यो। सातै प्रदेशमा प्रदेशस्तरीय जनगणना कार्यालयले समन्वय गरेका थिए। प्रदेश जनगणना कार्यालयहरूले प्रदेश जनगणना समन्वय समितिसँग कम्तीमा एक र बढीमा दुई पटकसम्म बैठक बसेका थिए। यी बैठकमा जनगणना सञ्चालन तथा व्यवस्थापनका लागि कार्यालयबाट भएका तयारी

र गतिविधिबारे छलफल भएको बताइयो । जनगणना सञ्चालन तथा व्यवस्थापनमा प्रदेश सरकारको प्रत्यक्ष सहभागिता भने देखिएन । यस तथ्यलाई प्रदेश जनगणना अधिकारीहरूले पनि स्वीकारे । प्रदेश १ का एक जनगणना अधिकारीले भने, "प्रदेश समन्वय समितिका पदाधिकारीसँग एक चोटि बैठक बस्यौँ। हामीले जनगणनाको तयारीबारे जानकारी गरायौँ। यो संघीय सरकारको कार्यक्रम भएकोले प्रदेशले कुनै कार्यक्रम वा बजेट छुट्ट्याएको छैन । प्रदेश समन्वय समितिले नीतिगत निर्णय गर्ने ठाउँ पनि देखिँदैन । जनशक्तिको लागि पनि प्रदेशको भरपर्नु परेको छैन ।" प्रदेश सरकारका प्रतिनिधिहरूले पनि जनगणनालाई संघीय सरकारको कार्यक्रमको रूपमा लिएका थिए ।

यसै गरी जिल्ला जनगणना कार्यालयले जिल्ला स्तरमा समन्वय गरेको थियो । विभागबाट प्राप्त सामग्रीलाई स्थानीय जनगणना कार्यालयमा वितरण गर्ने र गणनापश्चात स्थानीय जनगणना कार्यालयबाट फिर्ता सामग्रीलाई विभागसम्म पठाउने; गणक र सुपरिवेक्षकको छनोट गरी तालिम सञ्चालन गर्ने र सम्बन्धित स्थानीय जनगणना कार्यालयमा खटाउने; जिल्ला जनगणना समन्वय समितिसँग बैठक बसी कार्यालयबाट भएका गतिविधिबारे अवगत गराउने लगायतका काम जिल्ला जनगणना कार्यालयले गरेका थिए । पर्यवेक्षणमा परेका अधिकांश जिल्लामा वैशाख २०७८ मा भएको देशव्यापी लकडाउनभन्दा पहिले नै जिल्ला जनगणना समन्वय समितिसँग एक चरणको बैठक भएको पाइयो । मकवानपुरका जिल्ला जनगणना समन्वय समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारीले भने, "कोभिडले गर्दा जनगणना सरेपछि कुनै बैठक तथा समन्वय भएको छैन । लकडाउन हुनुपहिले एकपटक बैठक बसेका थियौँ ।" जिल्ला जनगणना अधिकारीहरूले जिल्ला जनगणना समन्वय समितिका बैठक आवश्यक परेमा वा कुनै समस्या आइपरेमा त्यसको समाधानका लागि बस्न सकिने बताएका थिए । केही जिल्लाले सरोकारवालाहरू भेला पारी जनगणनासम्बन्धी सचेतना गोष्ठीसमेत सञ्चालन गरेका थिए ।

स्थानीय जनगणना कार्यालयले स्थानीय स्तरमा समन्वय र सहजीकरण गरेका थिए । स्थानीय जनगणना अधिकारीको तत्त्वावधानमा स्थानीय जनगणना समन्वय समिति गठन गरिए । स्थानीय जनगणना कार्यालयहरूले जिल्ला जनगणना कार्यालयबाट प्राप्त सामग्रीको भण्डारण; वितरण तथा सुरक्षा व्यवस्थापन, गणक तथा सुपरिवेक्षकको परिचालन तथा तिनका कामको अनुगमन र सुपरिवेक्षण; गणकको तालिम सञ्चालन; गणक तथा सुपरिवेक्षकद्वारा संकलित तथ्याङ्क फारमको प्राप्ति तथा जिल्ला जनगणना कार्यालयमा ढुवानी लगायतको काम गरे । स्थानीय जनगणना कार्यालयहरूले जनगणना सञ्चालन तथा व्यवस्थापनमा सहयोगको

लागि स्थानीय तहलाई पत्र पठाएका थिए । केही पालिकाले जनगणना व्यवस्थापन तथा सञ्चालनका लागि स्थापित स्थानीय जनगणना कार्यालयका लागि आवश्यक व्यवस्थापकीय सहयोग गरेका थिए । तिनले कर्मचारीका साथै फर्निचर, प्रिन्टर लगायतका सामग्री जनगणना कार्यालयलाई उपलब्ध गराएका थिए । पालिकाहरूले जनगणनामा सहभागी हुन नागरिकलाई अनुरोध गर्दै आफ्ना सूचनापाटी र वेबसाइटमा सन्देशपत्र प्रकाशित पनि गरेका थिए । कतिपय स्थानीय तहका जनप्रतिनिधिहरूले जनगणनाबारे परिपत्रहरू नपाएको वा आफूलाई कुनै जानकारी नभएको बताए । एक पालिकाका कर्मचारीले पालिकामा परिपत्र आए पनि त्यसबारे जनप्रतिनिधिसँग छलफल भने नगरिएको प्रस्ट्याए ।

जनगणनाको तथ्याङ्क संकलनमा पालिकाको संलग्नता कमै भएको पाइयो । स्थानीय तहका प्रतिनिधिहरूले पनि जनगणनालाई संघ सरकारको कार्यक्रम मानेको बुझिन्थ्यो । स्थानीय तहका केही जनप्रतिनिधिले जनगणनामा आफ्नो प्रत्यक्ष संलग्नता नभएकोमा असन्तुष्टि व्यक्त गरे । जनगणना सञ्चालन र तथ्याङ्क संकलनमा आफ्नो प्रत्यक्ष भूमिका भएमा गुणस्तरीय तथ्याङ्क आउने र तथ्याङ्कमा सबैको अपनत्व बढ्ने दाबी गरे । हेटौडा उपमहानगरपालिकाका एक जनप्रतिनिधिले भने, "गणक तथा सुपरिवेक्षकहरूको समन्वयका साथै पालिकाका टोल विकास संस्थाहरू पनि परिचालन गर्न सके यकिन तथ्याङ्कका साथै पूर्ण गणनाको सार्थकता रहन्थ्यो । केही गणकले नागरिकहरूबाट असहयोग र गालीगलौज खेपेको सुनिन आएको छ । हाम्रो सहयोगले यस्ता समस्या घटाउ मद्दत पुग्थ्यो ।"

वडास्तरीय राष्ट्रिय जनगणना सहजीकरण समितिको पनि कल्पना गरिएको थियो तर वडा तहमा सहजीकरण समिति गठन गरिएको पाइएन । पर्यवेक्षणका क्रममा भेटिएका वडास्तरीय प्रतिनिधिहरू कसैले पनि समिति गठन भएको बताएनन् । तर समन्वयको लागि पत्राचार भएकोबारे सीमित वडाध्यक्ष जानकार थिए । केही वडाध्यक्षले आफ्नै तजबिजमा आफ्नो क्षेत्रमा भइरहेको जनगणनाका गतिविधिबारे जानकारी र चासो लिएका थिए । उनीहरूले आफ्नो वडामा खटिएका गणक र सुपरिवेक्षकलाई भूगोल चिनाउने, टोल संयोजकका सम्पर्क नम्बर प्रदान गर्ने, जस्ता कार्य गरेका थिए । कतिपय वडाध्यक्षले भने आफ्नो वडामा खटिएका गणक तथा सुपरिवेक्षकलाई समन्वयको लागि औपचारिक पत्रको माग गरेका थिए । जनकपुर उपमहानगरपालिकाका एक वडाध्यक्षले सुपरिवेक्षकले सामुदायिक प्रश्नावली भर्न जाँदा औपचारिक पत्रको माग गरेका थिए । पत्र पाएपछि मात्र आफूले सहयोग गरेको ती वडाध्यक्षले बताए ।

५. घर तथा घरपरिवार सूचीकरण

विभागले गणनाको पहिलो चरणमा सुपरिवेक्षकमार्फत भदौ ३० देखि असोज १८, २०७८ सम्म घर तथा घरपरिवार सूचीकरण गऱ्यो । यसको प्रश्नावलीमा घरसम्बन्धी विवरण, परिवारमा अक्सर बसोबास गरेका परिवारका सदस्य संख्या, परिवारको कृषिसम्बन्धी विवरण र बैंक तथा वित्तीय क्षेत्रमा पहुँचसम्बन्धी तथ्याङ्क संकलन गरियो । सुपरिवेक्षकले सूचीकरण गरेपछि घर तथा घरपरिवार सूचीकरण उतार फारममा तोकिएका विवरण भरी त्यसको एक प्रति गणकलाई दिएका थिए । गणकले यसैको सहयोगमा मुख्य गणना सम्पन्न गरेका थिए ।

घरपरिवार सूचीकरणका लागि देशभर करिब आठ हजार पाँच सय सुपरिवेक्षक परिचालित भए । भूगोल र बस्तीको सघनताका आधारमा एक वडामा एक वा एकभन्दा बढी सुपरिवेक्षक परिचालित भए । पहाडी क्षेत्रमा एक वडा बराबर एक सुपरिवेक्षक र तराई तथा शहरी क्षेत्रमा एकभन्दा बढी सुपरिवेक्षक परिचालित थिए । प्रायजसो सुपरिवेक्षक स्थानीय तह/वडाकै भएकाले सूचीकरण गर्नुपर्ने क्षेत्रसँग परिचित थिए । तिनले आफ्नो जिम्मेवारीमा परेका घर तथा घरपरिवार सूचीकरण समयमै सहजै सम्पन्न गर्न सके ।

पहाडी क्षेत्रमा परिचालित सुपरिवेक्षकहरूले कठिन भूगोल र छरिएका घरधुरीका कारण सूचीकरण कार्य कठिन भएको बताए । रोल्पाको एक गाउँपालिकामा प्रत्येक वडामा एक-एक सुपरिवेक्षक खटिएका थिए । पूरै वडामा एक जना सुपरिवेक्षकले सूचीकरण गर्नुपर्दा भौगोलिक रूपमा विकट र ठूलो वडाका सुपरिवेक्षकलाई काम सक्न कठिनाइ भएको बताइयो । ओहोरदोहोरमा धेरै समय जाने भएकाले उत्तरदाताका घर-घरमा बास माग्दै हिँड्नुपरेको एक सुपरिवेक्षकले बताए । विशेष गरी विकट र भौगोलिक रूपमा ठूला वडामा कम्तीमा दुई सुपरिवेक्षक खटाउनुपर्ने अथवा काम गर्ने अवधि थप्नुपर्ने ती सुपरिवेक्षकको सुझाव थियो ।

तराई र शहरी क्षेत्रका केही गणनाक्षेत्रमा सुपरिवेक्षकहरूलाई पूर्वानुमान गरिएभन्दा धेरै घरधुरी सूचीकरण गर्नुपरेको थियो । धेरैजसो सुपरिवेक्षकले दैनिक अतिरिक्त समय लगाएर भए पनि आफ्नो वडा र गणनाक्षेत्रमा परेका घरपरिवार सूचीकरण समयमै सम्पन्न गरेको बताए । दाङमा एक सुपरिवेक्षकले भने, "पहिले आठ सयदेखि एक हजार घर तथा घरपरिवार संख्या सूचीकरण गर्ने भनिएको थियो, तर सूचीकरण गर्दै जाँदा दुई हजारभन्दा बढी घरपरिवार सूचीकरण गर्नुपऱ्यो ।" ती सुपरिवेक्षकले आफ्नो गणनाक्षेत्रमा प्रक्षेपण गरिएभन्दा निकै धेरै घरपरिवार संख्या फेला परेपछि समयमा काम नसकिने गुनासो जनगणना अधिकारीलाई गरेका

थिए। साथीको सहयोग लिएर भए पनि काम सक्नुपर्ने सुझाव पाएपछि सोहीबमोजिम गरिएको तर तालिम नपाएका आफ्ना साथीले सूचीकरण गर्नुपर्दा सहज भने नभएको ती सुपरिवेक्षकले बताए।

सुपरिवेक्षक तथा गणकले गणनाक्षेत्रको भूगोलबारे परिचित हुन र सीमाना थाहा पाउन गणनाक्षेत्र नक्सा अनिवार्य उपयोग गर्नुपर्ने *राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७* मा उल्लेख छ। तर गणनाक्षेत्र नक्सामा संकेत चिह्नहरू अस्पष्ट हुनुका साथै अनेकौँ त्रुटिसमेत भएकाले यसको उपयोग गर्न नसकिएको गुनासो केही सुपरिवेक्षकले गरे। जनगणना अधिकारीहरूले पनि गणनाक्षेत्रको नक्सा त्रुटिपूर्ण भएको स्वीकारे। गणनाक्षेत्रको नक्सामा स्पष्टता नहुँदा आफ्नो गणनाक्षेत्रबाहिर समेत गणना गर्न पुगेका केही उदाहरण पनि थिए।

घर तथा घरपरिवार सूचीकरणका क्रममा सुपरिवेक्षकले नागरिकबाट पर्याप्त सहयोग पाएका थिए। यद्यपि नागरिकले असहयोग गरेका मात्र नभई गालीगलौजसमेत गरेका केही घटना सुपरिवेक्षकहरूले सुनाए। उदाहरणका लागि, धनुषाको मिथिला नगरपालिकामा एक उत्तरदाताले राजनीतिक उद्देश्यका लागि आएको ठानेर गालीगलौज गर्दै सूचीकरण फारम च्यातिदिएका थिए। तथ्याङ्क संकलनका विभिन्न क्रियाकलापहरू जस्तै, राष्ट्रिय परिचयपत्रका लागि जानकारी संकलन, कृषि सर्वेक्षण, पालिकाका सर्वेक्षण आदि भइसकेको अवस्थामा जनगणनाका लागि पुनः जानकारी लिन जाँदा केही नागरिकले झिँझो मानेको पाइयो। तराईका ग्रामीण भेगमा, सामाजिक राजनीतिक रूपमा वञ्चितीकरणमा परेका नागरिकहरूले जनगणनाका लागि जानकारी दिएर के नै पो हुन्छ र भनी यसमा अरुचि देखाएका थिए।

यौनिक अल्पसंख्यकको गणना

घर तथा घरपरिवार सूचीकरण प्रश्नावलीमा परिवारिक विवरणसँगै यौनिक अल्पसंख्यकसम्बन्धी प्रश्न पनि समावेश गरिएको थियो।[८] प्रश्नावलीमा महिला, पुरुष र अन्य लिङ्गी गरी तीन

[८] यौनिक अल्पसंख्यकको विवरण मुख्य प्रश्नावलीमा समावेश गरिएको थिएन। केन्द्रीय तथ्याङ्क विभागका अनुसार लैङ्गिक तथा यौनिक अल्पसंख्यक अधिकारकर्मीहरू सँगको सहमतिमा उनीहरूको कुल संख्या मात्र गणनाका लागि यो प्रश्न केवल घर तथा घरपरिवार सूचीकरण फारममा समावेश गरिएको

विकल्प दिइएको थियो । आफूहरूलाई 'अन्य लिङ्गी' भनेर पहिचान गरिएकोमा यौनिक अल्पसंख्यक र पारलैङ्गिक समूहका अभियन्ताहरूले लैङ्गिकता (Gender) र यौनिकता (Sexual preference/orientation) को भिन्नता जनगणनाले छुट्ट्याउन नसकेको र जबरजस्ती 'अन्य लिङ्गी' भनेर पहिचान गराएकोमा असन्तोष व्यक्त गरेका थिए ।[९]

यौनिक अल्पसंख्यकको पहिचान र गणना गर्न सहज होस् भनी केही जिल्लामा सुपरिवेक्षक तालिममा यौनिक अल्पसंख्यक अभियन्ताहरूलाई सामेल गराएको पाइयो । तालिमका लागि १०-२५ मिनेटसम्म समय उपलब्ध गराइएको दाङ र झापाका जनगणना अधिकारीहरूले बताए । सुनसरीका दुई ओटा प्रशिक्षण केन्द्रमा यौनिक अल्पसंख्यक एक अभियन्ताले नौ ओटा प्रशिक्षण सत्रमा तालिम दिएको बताइयो । उत्तरदातालाई सिधा अन्य लिङ्गी भनेर प्रश्न सोध्दा अलमलिने सम्भावना भएकोले के कस्ता वैकल्पिक तरिकाले तिनको पहिचान गर्न सकिन्छ भन्नेबारे सुपरिवेक्षकहरूलाई सिकाएको दाबी यौनिक अलपसंख्यक अभियन्ताले गरे ।

अर्कोतर्फ यौनिक अल्पसंख्यकसम्बन्धी काम गर्ने संस्था ब्लु डायमन्ड सोसाइटी, सुनसरीका एक अभियन्ताले सुपरिवेक्षकहरूले प्रश्न सोध्दा महिला र पुरुषबारे मात्र सोध्ने गरेको र अन्य लिङ्गीबारे विरलै सोध्ने गरेको सुनाइन् । सुपरिवेक्षकले सूचीकरणको समयमा आफ्नो साथीलाई लैङ्गिक अल्पसङ्ख्यकबारे प्रश्न सोध्छन् कि भनेर सुनेर बसेको तर नसोधिकन हेरेर मात्र महिला लेखिदिएको उनको आरोप थियो । उनले सुपरिवेक्षकलाई अन्य लिङ्गीबारे प्रश्न किन नसोधेको भनेपछि मात्र सुपरिवेक्षकले असजिलो मानेको उनको जिकिर थियो । "हाम्रो बाहिरी रूप हेरेर भन्दा पनि हाम्रो यौनिकताका आधारमा हाम्रो लैङ्गिकता पहिचान गरिनुपर्छ तर सुपरिवेक्षक यसबारे जानकार थिएनन्," उनले बताइन् । मुख्य प्रश्नावलीमा भने अन्य लिङ्गीबारे विकल्प नभएका कारण आफूले महिला भनी उत्तर दिनुपरेको उनको गुनासो थियो ।

हो (केन्द्रीय तथ्याङ्क विभाग । २०७८ । *जनगणनाको ११० वर्ष (१९६८ देखि २०७८), राष्ट्रिय जनगणना २०७८: लैङ्गिक समानता तथा सामाजिक समावेशी सन्दर्भ पुस्तिका* । काठमाडौं: केन्द्रीय तथ्याङ्क विभाग । http://censusnepal.cbs.gov.np/Home/Details?tpid=9 मा उपलब्ध; फागुन ४, २०७८ मा हेरिएको ।

[९] Khadgi, Ankit. 2020. A Group of Activists Strives to End Forced Imposition of the Third Gender Label. *The Kathmandu Post*, 22 October. Available at https://kathmandupost.com/art-culture/2020/10/22/a-group-of-activists-strives-to-end-forced-imposition-of-the-third-gender-label; accessed February 15, 2022.

६. गणनाको पर्यवेक्षण

विभागले हालसम्म जनगणनाको लागि परम्परागत तरिकाले गरिँदै आएको पूर्ण गणना (Complete enumeration) विधि अपनाएको छ।[१०] यस विधिमा गणकहरू प्रश्नावलीको मद्दतले गणनाक्षेत्रमा उत्तरदाताहरूलाई प्रत्यक्ष भेटघाट गरी विवरण सङ्कलन गर्दछन्। विभागले पहिलो चरणमा घर तथा घरपरिवार सूचीकरण सम्पन्न भएको करिब एक महिनापछि दोस्रो चरणमा कात्तिक २५ देखि मंसिर ९ सम्म मुख्य गणना सम्पन्न गऱ्यो। यसका लागि न्यूनतम कक्षा १२ उत्तीर्ण गरेका करिब ४० हजार गणक देशभर परिचालन गरिएको थियो। यस खण्डमा मुख्य गणनाको पर्यवेक्षणका परिणामको चर्चा गरिएको छ।

६.१. सुपरिवेक्षक-गणक अनुपात

पर्यवेक्षण गरिएका गणनाक्षेत्रमा एक सुपरिवेक्षकको सुपरिवेक्षणमा सरदर चार जनाको अनुपातमा गणक परिचालित थिए। यद्यपि भूगोल, सुगम-दुर्गम क्षेत्र लगायतका आधारमा यो अनुपात घटबढ थियो। दाङमा एक सुपरिवेक्षक बराबर दुईदेखि सात जनासम्म गणक परिचालित थिए। बागलुङमा एक सुपरिवेक्षक बराबर दुईदेखि छ जना गणक परिचालित थिए। सुपरिवेक्षकलाई दैनिक कार्यतालिका बनाएर गणकले गरेका गणनाको सुपरिवेक्षण गरी तथ्याङ्कको शुद्धता जाँच गर्ने जिम्मेवारी दिइएको थियो। पर्यवेक्षण गरिएका धेरैजसो स्थानमा सुपरिवेक्षकहरू आफू मातहतका गणकहरूलाई प्रत्यक्ष भेटघाट वा फोनमार्फत सुपरिवेक्षण र सहजीकरण गर्ने गरेका थिए (यसबारे विस्तृत व्याख्याका लागि हेर्नुहोस् खण्ड ६.१०. गणना कार्यको अनुगमन)।

[१०] २०७८ को राष्ट्रिय जनगणनामा पहिलो पटक कागजी प्रश्नावलीका साथै काठमाडौँ उपत्यकाका केही गणनाक्षेत्रमा कम्प्युटर/ट्याबलेट विधिको पनि प्रयोग गरियो। डीआरसीएनले ट्याब्लेट विधिको पर्यवेक्षण गरेको थिएन।

६.२. गणना सामग्री वितरण

समग्रमा गणकहरूलाई गणनाका लागि चाहिने आवश्यक सामग्री जस्तै, गणना पुस्तिका, प्रश्नावली, पहिले नै सुपरिवेक्षकले भरिसकेको घर तथा घरपरिवार सूचीकरण फारम, कापी-कलम, सुपरिवेक्षक-गणक पुस्तिकाका साथै अध्ययन सामग्री, झोला, टर्चलाइट जस्ता सामग्री उपलब्ध गराइएको पाइयो । तीबाहेक गणकहरू आफ्नो पहिचान पत्र, जनगणनाको लोगो अंकित टोपी, झोला, मास्कसहित गणनाक्षेत्रमा खटिएका थिए । यसले गर्दा पनि गणकहरू काममा खटिएको बेला सजिलै पहिचान गर्न सकिने स्थिति थियो ।

राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७ अनुसार गणना सामग्रीमा गणनाक्षेत्र नक्सा पनि पर्थ्यो । तर पर्यवेक्षण गरिएका स्थानमा कतै पनि गणकहरूलाई सो नक्सा उपलब्ध गराइएको थिएन । मकवानपुरमा केही गणकले सुपरिवेक्षकहरूबाट गणनाक्षेत्रको नक्साको फोटो मोबाइलमा खिचेर राखेको बताए । गणकहरूका अनुसार गणनाक्षेत्र नक्सा सुपरिवेक्षकले मात्र प्रयोग गर्नुपर्ने र गणकले प्रयोग गर्नुनपर्ने भनिएको थियो । कतिपय स्थानमा गणकहरूलाई उपलब्ध गराइएका गणना सामग्री पर्याप्त नभएको गणकहरूले बताए । बागलुङको ढोरपाटन नगरपालिकामा एक गणकले भने, "लेख्दालेख्दै गणना पुस्तिका सकियो । सुपरिवेक्षकलाई फोन गरेर मगाएको छु । फारम एक-दुई दिनमा आइपुग्छ । पुस्तिका नपाउँदासम्म गणनाको काम रोकिएको छ ।"

गणकहरूले छाता, स्लिपिङ ब्याग, गमबुट जस्ता थप केही सामग्री उपलब्ध गराएको भए काम गर्न सहज हुने आशय व्यक्त गरेका थिए । दिउँसोको समयमा घरमूली नभेटिने हुनाले बिहान बेलुका मात्र गणना गर्नुपरेको तर त्यसो गर्दा जहाँ रात पर्छ त्यहाँ बास माग्नुपर्दथ्यो र त्यस्तोमा स्लिपिङ ब्याग उपयोगी हुन्थ्यो भन्ने उनीहरूको भनाइ थियो । गणकहरूलाई कोभिड-१९ को महामारीलाई ध्यानमा राखेर मास्क र स्यानीटाइजर पनि उपलब्ध गराइएको थियो । यसका साथै गणक र सुपरिवेक्षकहरूलाई नजिकका स्वास्थ्य संस्थामा कोभिड-१९ को खोप लगाउने व्यवस्था गर्न पत्राचार गरेको र खोप लगाउने व्यवस्था गरिएको जिल्ला र स्थानीय जनगणना अधिकारीले बताए ।

६.३. गणक तथा सुपरिवेक्षकको समावेशिता र स्थानीयता

विभागले सुपरिवेक्षक र गणकको संक्षिप्त सूची तयार पार्दा लगभग बराबर संख्यामा पुरुष र महिला गणक छनोट गरेको थियो । विभागले गणकको छनोट गर्दा लैङ्गिकता र स्थानीयताको मापदण्ड तोकेको (उपलब्ध भएसम्म न्यूनतम ५०% महिला) थियो । पर्यवेक्षण गरिएका स्थानमा पनि महिला गणक तथा सुपरिवेक्षक उल्लेख्य संख्यामा (कतिपय स्थानमा ५० प्रतिशतभन्दा बढी) थिए । अपाङ्गता भएका व्यक्ति पनि गणकको भूमिकामा सक्रिय थिए । दाङको लमही नगरपालिकामा १४ जना सुपरिवेक्षकमा सात पुरुष र सात महिला थिए भने ७५ जना गणकमा महिलाको संख्या अधिक थियो (४५ महिला र ३० पुरुष) । दाङकै राप्ती गाउँपालिकामा १४ जना सुपरिवेक्षकमा नौ महिला र पाँच पुरुष थिए भने ६१ जना गणकमा ३१ महिला र ३० पुरुष थिए । महिलाको संख्या बढी हुनुलाई एक स्थानीय जनगणना अधिकारीले प्रस्ट्याए, "जनगणनाको शुरूको कार्यतालिका बदलिएर पछि सर्यो । हामीलाई विभागबाट प्राप्त उम्मेद्वारको सूचीका केही पुरुषहरू प्रायः उपलब्ध भएनन् । फोन सम्पर्क गर्दा उनीहरू पढाइ वा कामको सिलसिलामा अन्यत्र गइसकेको जानकारी पाइयो । तर महिला उम्मेद्वारहरू उपलब्ध भए । त्यसैले महिला गणकहरूको संख्या बढी हुन गएको हो ।"

धेरैजसो गणक स्थानीय तह र वडाकै बासिन्दा थिए भने केही गणक छिमेकी पालिकाका थिए । धेरै गणकको स्थानीय भाषामा दखल थियो । उदाहरणका लागि, दाङको थारू भाषा बाहुल्य क्षेत्रमा थारू भाषा जानेका थारू समुदायका गणक थिए । रोल्पाका गणनाक्षेत्रमा मगर र स्थानीय मगर खाम भाषा बोल्ने गणक परिचालित थिए । धनुषामा मैथिली भाषा बोल्न जान्ने गणकहरू भेटिए । स्थानीय भूगोल, जातजाति, भाषा र संस्कृतिसँग परिचित भएकाले तिनले उत्तरदातालाई स्थानीय भाषामा प्रश्न सोध्न, नबुझेका प्रश्न बुझाउन र उत्तरदाताको जवाफ लिन सजिलो भएको पाइयो । साथै, उत्तरदाताको जवाफ नबुझेर गलत तथ्याङ्क उल्लेख हुने सम्भावना पनि यसले घटाएको थियो ।

स्थानीय गणकहरूको आवेदन कम परेको वा आवेदन नै नपरेका स्थानीय तहका गणनाक्षेत्रमा छिमेकी पालिका वा अन्यत्रबाट गणकहरू खटाउनु परेको थियो । मकवानपुरमा तामाङ, धनुषा र सुनसरीमा मुस्लिम समुदायका आवेदकहरू कम भएको सरोकारवालाले बताए । मकवानपुरमा एक जना स्थानीय नागरिकले भने, "हाम्रो तामाङ समुदायमा शिक्षित व्यक्ति कम छन् । त्यसैले हाम्रो समुदायका गणक निकै कम छन् । केही गणकहरू अन्यत्रबाट आएका

छन् । उनीहरूलाई हाम्रो भाषाको ज्ञान छैन ।" सुनसरीको इनरुवा नगरपालिकाका मुस्लिम बहुल क्षेत्रमा अन्य गाउँका गैरमुस्लिम गणकहरू खटिएका थिए । सामाजिक र सांस्कृतिक कारणले कतिपय उत्तरदाताहरूले अन्य समुदायका व्यक्तिलाई आफ्नो पारिवारिक विवरण दिन हिच्किचाउने गरेको त्यहाँका एक स्थानीय जनगणना अधिकारीले बताए । "अन्य समुदायका पुरुष गणकहरू घरघर पुग्दा मुस्लिम महिलाहरू बाहिर निस्केर विवरण दिन हिच्किचाएको या ढोका थुन्ने गरेकाले तथ्याङ्क संकलन कठिन भयो," ती जनगणना अधिकारीले भने ।

६.४. प्रश्नावली र विषयवस्तुबारे गणकको ज्ञान

तथ्याङ्ककको गोपनीयताका साथै आफूले पालना गर्नुपर्ने नियम र उत्तरदातामा कसरी प्रस्तुत हुने भन्नेबारे गणकहरू जानकार रहेको पाइयो । उनीहरूमा प्रश्नावलीका विषयवस्तुको आधारभूत जानकारी पनि थियो । तालिम पाएकाले काम गर्न सहज भएको उनीहरूको अनुभव थियो । उत्तरदाताले दिएको जवाफ जस्ताका तस्तै उतार्नु नै आफ्नो जिम्मेवारी भएको सबैजसोले बताएका थिए । यद्यपि तालिम सकिएपछि पनि प्रश्नावलीका केही विषय र प्रश्नबारे कतिपय गणक अलमलमा परेका भेटिए । विशेष गरी बसाइँसराइ, आर्थिक क्रियाकलाप, शिशु मृत्यु, भाषा लगायतका प्रश्नमा उनीहरूको अलमल कायम थियो । त्यसैले उनीहरूले प्रश्नावलीमा यी विवरण भर्दा बारम्बार सुपरिवेक्षक र जनगणना अधिकारीसँग सोध्ने गरेका थिए । केहीले भने आफ्नै विवेकले अनुमान लगाई विवरण भरेको बताए ।

गणकहरूको अर्को अलमल पहिला सुपरिवेक्षकले भरेको घर तथा घरपरिवार सूचीकरण फारममा उल्लिखित परिवार क्रम संख्याअनुसार नै मुख्य गणनाको फारम भर्नुपर्ने भन्ने बुझाइले ल्याएको थियो । त्यसैले घरमूली नभेटिएको घरपरिवारको लागि गणना पुस्तिकामा अर्को पटक भर्ने गरी खाली पाना छोड्ने गरेका थिए तिनले । केहीलाई भने परिवार क्रम संख्या के हुने, घरमूली नभेटिएको अवस्थामा खाली पाना छोडेर भर्ने वा क्रमैसँग भेटिएका परिवार गणना गर्ने भन्नेबारे अन्योल थियो । मकवानपुरको भिमफेदी गाउँपालिकामा सुपरिवेक्षकले घरपरिवार सूचीकरणको फारमअनुसार विवरण भर्न र घरमूली नभेटिएको परिवारका लागि खाली पाना छोडेर अर्को परिवारको विवरण भर्न सिकाएको र आफूले त्यसैअनुसार विवरण भरेको गणकहरूले बताए । केही गणकले घरमूली नभेटिएमा खाली पाना नछोडी भेटिएका परिवारको विवरण क्रमैसँग भरेपछि घरमूली नभेटिएको परिवारमा पुन: गएर विवरण भर्ने गरेका

थिए । गणना पुस्तिकामा खाली पाना छोडेका गणकहरूलाई परिवार सदस्य संख्या धेरै भएर विवरण भर्न ती पाना अपुग भएको पनि बताइयो । तर स्थानीय जनगणना अधिकारीहरूले भने घरपरिवार सूचीकरणअनुसार क्रम संख्या हुबहु हुनु नपर्ने र खाली पाना छोड्नु नपर्ने निर्देशन दिएका थिए । अधिकांश स्थानमा सुपरिवेक्षक र स्थानीय जनगणना अधिकारीले समयमै यसलाई प्रस्ट्याएका थिए भने केही स्थानमा गणना शुरू भएको एक हप्ता बितिसक्दा पनि के गर्ने भन्ने अलमल गणकहरूमा थियो । यद्यपि यसले गणनाको विवरणमा कुनै प्रभाव भने पारेको थिएन ।

केही गणकले उत्तरदाताको जवाफका आधारमा कुन प्रश्नमा फड्को मार्ने भन्नेबारे ध्यान नदिएको पाइयो । बागलुङका एक जनगणना अधिकारीले भने, "केही गणकले प्रश्नको उत्तरअनुसार कुन प्रश्नमा फड्को मार्ने र कुन प्रश्न सोध्ने भन्नेबारे ध्यान नदिएको भेटिएको छ । जस्तै, प्रश्नावलीमा १५ देखि ४९ उमेर समूहका विवाहित महिला भएको परिवारमा मात्र सोध्नुपर्ने, १८ वर्षभन्दा कम उमेरका बालबालिका भएको परिवारलाई मात्र सोध्नुपर्ने प्रश्नहरू छन्, तर गणकहरूले ती सबै प्रश्न मेसैसँग सबै उत्तरदातालाई सोध्ने गरेका छन् ।" गणना अधिकारीहरूले गणकहरूलाई अनुगमनका क्रममा भेट्दा यस्ता प्रश्नमा सुझाव दिने गरेका थिए ।

६.५. गणनाक्षेत्र, गणना अवधि र गणना गर्नुपर्ने परिवार संख्या

विभागले १५ दिनको अवधिमा गणकले गणना गर्नुपर्ने औसत घरपरिवार संख्या निर्धारण गरी गणनाक्षेत्र छुट्ट्याएको थियो । २०७८ को अनुमानित घरपरिवार सङ्ख्याका आधारमा त्यसो गरिएको थियो । एक गणक बराबर सामान्यतया हिमालमा १३० देखि १५०, पहाडमा १६० देखि १९० र तराईमा २०० देखि २५० घरपरिवार पर्ने गरी गणनाक्षेत्र निर्धारण गरिएको थियो । धेरैजसो गणनाक्षेत्रमा गणकहरूले उल्लिखित अनुपातमा घरपरिवार संख्या गणना गर्नुपरेको थियो । तर तराई र शहरी इलाकाका केही गणनाक्षेत्रमा ५०० वा सोभन्दा बढी घरपरिवार सूचीकृत भएका उदाहरणसमेत थिए । जनगणना अधिकारीहरूका अनुसार गणनाक्षेत्र नक्सा र घरपरिवार विवरण अद्यावधिक नभएकाले त्यसो हुन गएको थियो । गणक नपुगेका केही स्थानमा जनगणना कार्यालयले विभागको समन्वयमा केही गणक थपेका पनि थिए । धनुषाको मिथिला नगरपालिकाकी एक गणकले आफूलाई प्रत्येक दिन २० घरपरिवारको विवरण भर्नुपर्ने भनिएको बताइन् । उनले काम छिटो सक्ने दबाब परेको महसुस गरेकी थिइन्

र कुनै कारणवश गणना ढिलो भए काम नसकिने हो कि भन्ने चिन्ता भएको बताइन्। पहाडी जिल्लाका केही गणनाक्षेत्रमा पनि विभागले तोकेभन्दा बढी घरपरिवार गणकहरूका भागमा परेका थिए। बागलुङको निसीखोला गाउँपालिकाको दुर्गम क्षेत्रमा खटिएकी एक गणकलाई २२५ घरपरिवारको तथ्याङ्क संकलन गर्नुपरेको थियो। दैनिक अतिरिक्त समय लगाएर भए पनि काम तोकिएको समयावधिमा नै सम्पन्न गरेको उनले बताइन्।

पर्यवेक्षण गरिएका स्थानमा सबैजसो गणकले समयमै गणना सम्पन्न गरेको बताए। आफ्नो जिम्मेवारी समयमै पूरा गर्न उनीहरूले विभिन्न उपाय अपनाएका थिए। कसैले बिहान सबैरै शुरू गर्नेदेखि लिएर बेलुका अबेरसम्म गणना गरेका थिए भने कतिपय गणकले आफ्नो बसाइबाट गणनाक्षेत्रसम्म दैनिक आउजाउ गर्न कठिन भएकाले गाउँमै जहाँ रात पर्छ त्यहीँ बास बसेर गणना सम्पन्न गरेका थिए। दाङको बबई गाउँपालिकाको दुर्गम वडा (वडा नं १) की एक महिला गणकलाई आफ्नो बसाइबाट गणनाक्षेत्रमा पुग्न एक दिन पैदल यात्रा गर्नुपरेको थियो। उनी जनगणना सामग्रीसहित एउटा ठूलो झोलामा १५ दिनका लागि पुग्ने लुगाफाटा बोकेर हरेक घर-घरमा गणनाको लागि खटिएको अवस्थामा भेटिइन्। "गणना गर्दै जाँदा जहाँ रात पर्छ त्यहीँ बास मागेर बसेकी छु। यहाँ कतै सम्पर्क गर्न टेलिफोन, इन्टरनेटको सुविधा छैन," उनले भनिन्। घरबाट आउजाउ गरेर साध्य नलाग्ने भएपछि मकवानपुरको थाहा नगरपालिकाका केही गणकले पनि त्यसरी नै गाउँमै बास बसेर गणना गरेका थिए। यसरी घरबाहिर बस्नुपर्दा दैनिक भत्ता, खाना-खाजा, यातायात खर्चको छुट्टै व्यवस्था नभएकोमा केही गणकले गुनासो व्यक्त गरेका थिए।

६.६. सामुदायिक प्रश्नावली

केन्द्रीय तथ्याङ्क विभागले पहिलो पटक वडा स्तरको विवरण संकलन गर्नका लागि सामुदायिक प्रश्नावलीको व्यवस्था गरेको थियो। उक्त प्रश्नावलीमार्फत वडाको विवरण, कृषि र गैरकृषिजन्य विवरण, जातजातिको बसोबास, र भाषासम्बन्धी विवरण, शिक्षा, स्वास्थ्य लगायत आर्थिक पूर्वाधारको अवस्था र पहुँचबारे जानकारी संकलन गर्ने उद्देश्य विभागको थियो। सुपरिवेक्षकलाई आफ्नो कार्यक्षेत्रमा पर्ने वडामा वडाध्यक्ष वा सचिव वा दुवैको मद्दत लिएर सामुदायिक प्रश्नावली भर्ने जिम्मेवारी तोकिएको थियो। अन्तर्वार्ता गरिएका धेरैजसो सुपरिवेक्षकले गणनाको अन्तिम दिन मात्र सामुदायिक प्रश्नावली भर्ने तयारी गरेका थिए।

त्यसैले कतिपय वडाध्यक्ष र वडा प्रतिनिधि गणनाको अन्तिम दिनसम्म पनि यसबारे जानकार थिएनन्। तथ्याङ्क प्रशोधनको समयमा सामुदायिक प्रश्नावलीको विवरणबाट वडा र स्थानीय तहमा कुन-कुन जातजाति वा समुदायको बसोबास छ भनेर आवश्यक परेमा मुख्य प्रश्नावलीको विवरणमा दोहोरो जाँच गर्न सघाउ पुग्ने जनगणना अधिकारीहरूले बताएका थिए।

६.७. जातजाति, धर्म र भाषाको गणना

पर्यवेक्षण गरिएका गणनाक्षेत्रमा गणकहरूले सामाजिक विविधताका प्रश्नमा उत्तरदातालाई सोधेर नै विवरण भरेको बताइयो। गणकहरूले उत्तरदातालाई परिवारमा फरक जातजाति, फरक धर्म मान्ने, वा अलग भाषा बोल्ने सदस्यहरू छन् छैनन् भन्नेबारे सोध्ने गरेको बताएका थिए। यसरी सोध्दा एउटै परिवारका सदस्यहरूबीच पनि जातजाति, धर्म र भाषाको विविधता भेटिएको पाइयो। दाङको बबई गाउँपालिकामा गणकहरूले परिवारका सदस्यले पनि फरक-फरक धर्म मान्ने केही घरपरिवार फेला पारेका थिए। गणकहरूका अनुसार अन्तरजातीय विवाह भएका परिवारका सदस्यले फरक जातजाति र भाषा बोल्ने गरेको विवरण टिपाएका थिए। उत्तरदाताहरूले आफ्ना परिवारका सदस्यहरू फरक-फरक धर्म मान्ने गरेको बताएको पाइयो। रोल्पाको थबाङ गाउँपालिकाकी एक महिलाले उनको परिवारका सदस्यहरूमा बुवा-आमाले एउटा धर्म र आफूले अर्कै धर्म मान्ने विवरण टिपाएको बताइन्। केही गणकले घरमूली उपलब्ध नभएको बेला अन्य सदस्यबाट पाएको विवरण अपूरो लागेमा पुन: सोही घरपरिवारमा गएर विवरण भरेको पनि बताए। यस पर्यवेक्षणका क्रममा अन्तर्वार्ता गरिएका अधिकांश नागरिकले आफूले टिपाएको विवरण नै गणकहरूले फारममा उतारेको बताए।

यद्यपि जातजाति, धर्म र भाषाको प्रश्नमा एक सदस्यको विवरण सोधेर बाँकी सदस्यबारे नसोधिकनै सोहीअनुसार भरिदिएको गुनासो केही नागरिकले गरेका थिए। यसका साथै गणकहरूले निर्देशित प्रश्न सोध्ने गरेको पनि ती नागरिकहरूले बताए। गणकहरूले प्रश्न सोध्दा "तपाई … जात त होला नि हैन ?", "तपाईको मातृभाषा ….. त होला नि हैन ?", "... भाषा त बोल्नु हुन्छ होला?", "...धर्म त होला नि हैन?" वा "तपाईंको पेशा कृषि नै हो?" जस्ता प्रश्न गरेको पनि केही उत्तरदाताले सुनाए। विशेष गरी कम पढेलेखेका र वृद्ध-वृद्धा नागरिकले गणकको यस्ता आग्रही प्रश्नमा हो नै भन्ने सम्भावना बढाएको थियो। प्रश्नहरूको उत्तर आफैले अनुमान गर्ने वा निर्देशित प्रश्न सोध्दा उत्तरदाताको जवाफ प्रभावित हुने सम्भावना थियो।

६.८. अपाङ्गता भएका व्यक्तिको गणना

गणकहरूले अपाङ्गतासम्बन्धी प्रश्न सबै परिवारमा नछुटाइकन सोध्ने गरेको बताए। यद्यपि अपाङ्गताबारे खुलेर विवरण नदिने उत्तरदाताको प्रवृत्ति र अपाङ्गताबारे गणकको कमजोर बुझाइका कारण यसमा केही समस्या भएको केही सरोकारवालाले गरे। अपाङ्गताका प्रकार नै धेरैखाले भएकाले तिनको भेउ पाउन हम्मे परेको केही गणकको अनुभव थियो। यद्यपि अपाङ्गतासम्बन्धी तथ्याङ्क संकलनमा मद्दत पुगोस् भन्ने हेतूले केही जिल्लामा गणक तालिममै अपाङ्गतासम्बन्धी अधिकारकर्मीहरूलाई निम्त्याइएको थियो । दाङमा गणकहरूलाई प्रशिक्षण दिएका अपाङ्गतासम्बन्धी एक अधिकारकर्मीले भने, "मलाई १५ मिनेट मात्र समय दिइएको थियो। तर प्रश्नावलीमा भएका १२ प्रकारका अपाङ्गताबारे बुझाउनलाई सो समय पर्याप्त भएन ।" उनले समाजमा अपाङ्गता भएका व्यक्तिप्रति नकारात्मक धारणाले हेरिने गरेकोले परिवारका सदस्यहरूले अपाङ्गतासम्बन्धी विवरण खुलाउन हिच्किचाउने र अपाङ्गताबारे बताउँदा शारीरिक अपाङ्गताबारे मात्र बताउने गरेको बताए। केही गणकले पनि बौद्धिक, मानसिक वा मनोसामाजिक, न्यून दृष्टि, अटिजम, स्वर र बोलाइसम्बन्धी लगायतका अपाङ्गताबारे जानकारी लिन गाह्रो भएको अनुभव सुनाए। नागरिकहरूमा शारीरिक अपाङ्गता बाहेकका अपाङ्गताबारे बुझाइ कम भएकाले त्यसबारे जानकारी लिन कठिन भएको जनगणना अधिकारीहरूले पनि स्वीकारे।

अपाङ्गता अधिकारमा काम गर्ने केही अभियन्ताले गणकहरूले कतिपय अवस्थामा अपाङ्गतासम्बन्धी प्रश्न नसोध्ने गरेको दाबी गरे। राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, सुनसरीकी एक प्रतिनिधिले भनिन्, "मेरो घरमा गणकले विवरण भर्दा म घरभित्र कोठामा बसेर सुनिराखेकी थिएँ। हाम्रो परिवारमा अपाङ्गता भएको व्यक्तिबारे गणकले केही सोधेनन्। म बाहिर आएर आफू अपाङ्गता भएको बताएँ।" अन्य केही घर परिवारमा पनि गणकले अपाङ्गतासम्बन्धी प्रश्न नसोधेको आफूले थाहा पाएको उनले बताइन्।

पर्यवेक्षण गरिएका केही स्थानमा अपाङ्गता भएका व्यक्तिहरू नै गणक र सुपरिवेक्षक भई खटिएको पाइयो । दाङमा एक महिला सुपरिवेक्षक ह्विलचेयरमार्फत काममा खटिएकी थिइन् । रोल्पाको थबाङ गाउँपालिकामा स्वर र बोलाइसम्बन्धी अपाङ्गता भएका एक गणकले उत्तरदाताको परिवारमा पनि आफू जस्तै अपाङ्गता भएको व्यक्ति पत्ता लगाउन सकेको बताए। उनले एउटा परिवारमा अपाङ्गताबारे प्रश्न सोध्दा परिवारमा त्यस्तो कोही छैन

भन्ने उत्तर पाए, तर उत्तरदाताले निकै गाह्रो गरी उत्तर दिएकोमा सोध्दा उनको समस्या जन्मजात नै भएको थाहा पाएको बताए। ती गणक आफू नै स्वर र बोलाइसम्बन्धी समस्या भोगेकोले उत्तरदातालाई पनि त्यस्तै समस्या भएको थाहा पाए र उत्तरदातालाई जानकारी दिएर विवरण उतारेको बताए।

६.९. गणकले भोगेका समस्या

प्रश्नावलीमा समस्या

गणकहरूले प्रश्नावलीका धेरैजसो प्रश्नमा आफूहरू प्रस्ट भएको बताए। उत्तरदाताबाट आएको जवाफलाई फारममा उतार्न पनि खासै समस्या नभएको आशय उनीहरूले प्रकट गरे। तर केही प्रश्नमा भने उत्तरदाताले दिएको जवाफ उल्लेख गर्न वा विवरण उतार्न कठिन भएको उनीहरूको अनुभव थियो। यस्ता प्रश्न आर्थिक क्रियाकलाप, तिथिमिति, जन्म-मृत्य र बसाइँसराइ जस्ता विषयसँग सम्बन्धित थिए।

आर्थिक क्रियाकलाप बारेका प्रश्नहरू १० वर्षभन्दा बढी उमेर समूहका सबै व्यक्तिलाई लागू हुन्थ्यो जसमा 'मुख्य प्रकारको काम, वस्तु वा सेवा' सोधिएको थियो। यो प्रश्नमा उत्तरदातालाई जवाफ दिन र गणकलाई जवाफ उल्लेख गर्न गाह्रो भएको सबैजसो गणकले बताए। उत्तरदाताले बताएको आर्थिक क्रियाकलाप कोड बुकमा उल्लेख नभएको अवस्थामा त्यसलाई कसरी उल्लेख गर्ने भन्ने अन्योल गणकहरूलाई थियो। केही गणकले आर्थिक क्रियाकलापसम्बन्धी प्रश्नका उत्तरका विकल्पहरू बढीजसो शहरी क्षेत्रका कामसँग मिल्ने खालका भएको र ग्रामीण इलाकामा हुने कामसँग मिल्ने विकल्प कम भएको बताए। यसले गर्दा उत्तरदाताको उत्तर प्रश्नावलीका विकल्पसँग मिलाउन समस्या भएको गणकहरूको अनुभव थियो। यस्तो अवस्थामा केही गणकले आफैले अलिअलि मिल्दो कुनै विकल्प छानेर राख्ने र केहीले सुपरिवेक्षकलाई सोध्ने गरेको पाइयो। आर्थिक क्रियाकलापलाई कुन कोड राख्ने भन्ने अलमल भएमा गणना स्थलमा आर्थिक क्रियाकलापको नाम टिपेर अनुकूल समयमा सुपरिवेक्षकलाई सोधेर यकिन विवरण र कोड भर्ने गरेको झापाको मेचीनगर नगरपालिकाकी एक गणकले बताइन्।

उत्तरदातालाई परिवारका सदस्यहरूको जन्म, मृत्यु, विवाह कहिले भएको थियो भनी बताउन कठिन भएको थियो । त्यसका लागि कतिपय उत्तरदाताले तिथिमिति उल्लेख गरिएका कागजपत्र, नागरिकता जस्ता दस्तावेज खोजेर देखाएका थिए । निसीखोला गाउँपालिकामा एक गणकले भनिन्, "विवाह भएको उमेर, जन्म मिति जस्ता तथ्याङ्क धेरैजसोलाई याद हुने रहेनछ । नागरिकता, जन्म दर्ता, विवाह दर्ता जस्ता प्रमाणपत्र भए ती मागेर हेर्ने अनि आफै हिसाब गर्ने गरियो । कतिपय सँग ती कागजात पनि थिएनन् । त्यस्तो अवस्थामा अन्य सन्दर्भ सम्झाएर उत्तर अनुमान गर्न लगाइएको थियो ।"

केही उत्तरदाताले बच्चा मृत जन्मेको वा जन्मेर मरेको प्रश्न सोध्दा मरेकाको विवरण किन चाहियो र भनेर प्रतिप्रश्न गरेको गणकहरूले बताए । बसाइँसराइसम्बन्धी प्रश्नमा गणकहरू अलमलमा परेका थिए । झापाको कचनकवल गाउँपालिकामा एक गणकले भनिन्, "एउटा परिवार पहाडी जिल्लाबाट रोजगारीको सिलसिलामा भारत गएको र केही महिनाको भारत बसाइपछि सपरिवार झापामा आएर बसेको थियो । यस्तो अवस्थामा भारतबाट बसाइँसराइ गरेको वा पहाड कुन ठाउँबाट बसाइँसराइ गरेको भनेर लेख्नेबारे अलमल भयो । यस्तो समस्या हुँदा मैले सुपरिवेक्षकसँग सोधेर लेखेँ ।" शहरी इलाकामा कोठा भाडामा बस्ने उत्तरदाताले पटकपटक कोठा सरेको अवस्थामा कुन स्थानलाई बसाइँसराइ मान्ने भन्नेमा गणकमा भर पर्ने सम्भावना थियो ।

घरमूली भेट्न झेलेका समस्या

गणकहरूले घरमूली नभेटिने समस्या अत्यधिक भोगेका थिए । नागरिकहरू कामकाजमा व्यस्त हुने, घरबहालमा बस्ने परिवारको विवरण घरधनीले नदिने, रोजगारी, खेतीपातीको सिलसिलामा दिउँसोको समयमा नभेटिने गरेको धेरै गणकले बताए । एकपटकमा घरमूली नभेटिएपछि दोस्रो-तेस्रोपटक पुगेर भए पनि गणना गरिएको थियो । केही गणकले परिवारमा घरमूली नभेटिए अन्य सदस्यसँग संवाद गरेर विवरण लिएका थिए । त्यस्ता सदस्यबाट पूरै विवरण प्राप्त गर्न गाह्रो भए घरमूलीको टेलिफोन सम्पर्क नम्बर लिएर फोन गरी अनुकूल समयमा विवरण संकलन गरेको केही गणकले बताए ।

ग्रामीण इलाकामा भन्दा शहरी इलाकामा गणना गर्न असजिलो भएको पाइयो । शहरी क्षेत्रका केही घरमूलीले आफू व्यस्त भएको भन्दै गणकहरूलाई कम समय दिएका थिए । त्यसै गरी जनगणनासँग प्रत्यक्ष असम्बन्धित अनेक प्रश्न-प्रतिप्रश्न गर्ने गरेको, आफ्नो घरमा बहालमा

बस्ने व्यक्ति र परिवारको विवरण दिन हिच्किचाएको वा जानकारी नदिने गरेको गणकहरूले बताए । मकवानपुरको हेटौडा नगरपालिकामा खटिएका एक गणकले भने, "शहरी क्षेत्रमा र शिक्षित व्यक्तिहरूले नै झन् धेरै प्रश्न, प्रतिप्रश्न गरे । तलब कति पाउँछौ ? यो जानकारी दिएर मलाई के फाइदा ? मलाई अहिले फुर्सद छैन आदि जस्ता प्रश्न गर्दै आफै झर्किए ।" बहालमा बस्ने केही परिवारले आफ्नो गणना गर्न कोही नआएको भनी आफैले खोजी गरी गणकलाई विवरण दिएको पनि पाइयो ।

भाषाको समस्या

धेरैजसो गणनाक्षेत्रमा स्थानीय तह र वडाका गणकहरू खटिएको पाइयो । तिनलाई स्थानीय भाषाको पनि ज्ञान भएकाले गणना सहज भयो । तर स्थानीय गणकको आवेदन कम परेका वा आवेदन नै नपरेका केही गणनाक्षेत्रमा गैरस्थानीय गणक खटिएका थिए । त्यस्ता केही गणकलाई स्थानीय भाषा बोल्न र बुझ्न नसक्दा उत्तरदाताबाट विवरण लिन कठिनाइ भएको पाइयो । सुनसरीको इनरुवा नगरपालिकामा मुस्लिम बाहुल्य क्षेत्रमा खटिएका एक नेपाली भाषी गणकले भाषा बुझ्न नसक्दा गणना कार्य गर्न सकेनन् । नजिकैको गणनाक्षेत्रबाट मैथिली भाषा जानेका गणकले सहयोग गर्ने व्यवस्था मिलाएपछि गणना कार्यलाई निरन्तरता दिएको स्थानीय जनगणना अधिकारीले बताए । रोल्पाको थबाङ गाउँपालिकामा मगर खाम भाषा बोल्न र बुझ्न नजान्ने एक गणकले मगर खाम भाषा मात्र बोल्ने घरधुरीमा तथ्याङ्क संकलन गर्दा सुपरिवेक्षकसँग मोबाइल फोनमार्फत भाषा उल्था गर्न अनुरोध गर्दै काम चलाएका थिए ।

गणकले भोगेका अन्य समस्या

केही स्थानमा विभिन्न जातजातिका अभियन्ताले गणकहरूलाई भाषा र धर्मसम्बन्धी प्रश्नमा निश्चित विवरण भर्न दबाब दिएको पाइयो । बागलुङको निसीखोला गाउँपालिकामा मगर समुदायका अभियन्ताले आफ्ना समुदायका सबै नागरिकको धर्मको महलमा प्रकृतिपूजक लेख्नु भनी गणकलाई निर्देशन दिएका थिए । गणकले के विवरण उल्लेख गरे भनेर अभियन्ताहरूले गणना फारम हेर्न खोजेको पनि गणकले सुनाए । तर तथ्याङ्कको गोपनीयताको कारण अरू

नागरिकको विवरण हेर्न नमिल्ले भनेर सम्झाएको ती गणकले बताए । धनुषाको मिथिला नगरपालिकामा अपरिचित एक व्यक्तिले आफू केन्द्रीय तथ्याङ्क विभागको कर्मचारी भन्दै गणकलाई पटक-पटक फोन गरेर निश्चित उत्तर लेख्न दबाब दिएका थिए । ती गणकले प्रस्ट्याए, "मलाई गणक तालिम सकिनासाथ फोन आयो । म तथ्याङ्क विभागको कर्मचारी हुँ । तपाईं फलानो ठाउँमा गणकमा खटिनु भएको रहेछ । तपाईं खटिएको वडामा नेपाली भाषीको बसोबास छ । त्यहाँ दोस्रो बोलिने भाषामा मगही लेखिदिनु होला भने ।" उनका अनुसार उत्तरदाताले जे जवाफ दिन्छन् त्यही उत्तर लेख्नू भनेर तालिममा सिकाएको बताउँदा पनि मगही नै लेख्नू भनेर निर्देशन दिए । सोहीअनुसार उनले केही फारम भरेको र पछि उक्त विषयबारे सुपरिवेक्षकलाई जानकारी दिंदा खाली छोड्न भनेको बताए । घरमूलीसँग अन्तर्वार्ता लिइरहेको बेला छिमेकी वा साथीले उत्तरदातालाई प्रभावित हुने गरी, जाति, भाषा, धर्म आदिको महलमा कुनै निश्चित उत्तर लेखाउन उत्प्रेरित गरेको केही गणकले बताए ।

६.१०. गणनाको अनुगमन

जिल्ला जनगणना अधिकारी, स्थानीय जनगणना अधिकारी र सुपरिवेक्षकले गणनाको अनुगमन तथा सुपरिवेक्षण गरेका थिए । सुपरिवेक्षकहरूले आफू मातहतका गणकलाई गणनाक्षेत्रको जानकारी दिने र हरेक दिनको कार्यको जानकारी लिने अनि उनीहरूका समस्या समाधान गर्ने गरेका थिए । जिल्ला जनगणना कार्यालयलले जिल्ला भरका स्थानीय तह र एक स्थानीय जनगणना कार्यालयले दुईदेखि तीन स्थानीय तहको अनुगमन गर्ने जिम्मा थियो । पर्यवेक्षण गरिएका स्थानमा स्थानीय जनगणना अधिकारीहरूले दिनमा दुईदेखि चार गणकलाई प्रत्यक्ष भेटी उनीहरूले भरेका फारम हेरेर सुझाव दिने गरेका थिए । गणकले पनि आफूले भोगेका समस्या तथा अस्पष्टताबारे सुपरिवेक्षकलाई र जनगणना अधिकारीलाई सोध्ने गरेका थिए । स्थलगत उपस्थिति सम्भव नभएका स्थानमा टेलिफोन तथा इन्टरनेटको माध्यमबाट पनि अनुगमन र सुपरिवेक्षण गरिएको थियो ।

केही सुपरिवेक्षकले गणना शुरू हुनुभन्दा अघिल्लो दिनमा नै गणकलाई गणनाक्षेत्रको भूगोल, घरधुरी देखाएका थिए । गणना शुरू भएपछि पनि सुपरिवेक्षकहरू गणकहरूसँगै गणनाक्षेत्रमै खटेका थिए । तराई र सुगम इलाकामा सुपरिवेक्षक र गणकको प्रत्यक्ष भेटघाट सहजै भएको पाइयो । दाङको लमही नगरपालिकामा एक सुपरीवेक्षकले आफ्नै मोटरसाइकल भएकाले

आफू मातहतका पाँच गणकलाई हरेक दिन गणना गरिरहेको स्थानमा पुगेर सहजै भेट्ने गरेको बताए। तर पहाडी क्षेत्रमा भने कठिन भूगोलको कारण प्रत्यक्ष भेटघाट सहज नभएको रोल्पा र बागलुङमा खटिएका केही सुपरिवेक्षकले बताए। रोल्पाको थबाङ गाउँपालिकामा एक सुपरिवेक्षकले आफू मातहतका गणकलाई प्रत्यक्ष भेट्न नसकेपछि टेलिफोनमार्मत गणना र परेका अप्ठ्यारोबारे सोधखोज गरेका थिए।

इन्टरनेट सुविधा उपलब्ध भएका स्थानमा गणकहरूले भोगेका समस्या र अलमल हटाउन सामाजिक सञ्जाल निकै सहयोगी भएको थियो। आवश्यकताअनुसार गणक र सुपरिवेक्षकले आ-आफ्ना अनुकूल अनलाइन समूह बनाएका थिए। केही स्थानमा जनगणना अधिकारीहरू पनि यस्ता समूहमा सामेल थिए। झापामा जनगणना कार्यालयका कर्मचारी, जनगणना अधिकारी, सुपरिवेक्षक र गणकहरूको फेसबुक म्यासेन्जर समूह बनाइएको थियो र एक जना सहायक जिल्ला जनगणना अधिकारीलाई समूहमा गणकहरूलाई आइपरेका प्रश्न र जिज्ञासा समाधान गर्न विशेष जिम्मेवारी दिइएको थियो। वडा तहमा खटिएका गणक र सुपरिवेक्षकले पनि आफ्नै समूह बनाएका थिए। यस्ता सामाजिक सञ्जाल र एप्लिकेशनको उपयोगबाट गणकलाई तत्कालै आफ्ना समस्या समाधान गर्न र सही विवरण भर्न सघाउ पुगेको थियो। बागलुङमा जिल्ला जनगणना अधिकारी र स्थानीय जनगणना अधिकारीहरूले आफू समयमै स्थलगत सुपरीवेक्षण गर्न जान नसकेका पहाडी र दुर्गम गणनाक्षेत्रमा भरेका फारमको फोटो भाइबर, ह्वाट्सएप, र मेसेन्जर जस्ता एप्लिकेशनमार्फत पठाउन लगाई विवरण ठीक छ छैन भनेर जाँच गरी आवश्यक परे सच्याउन लगाएको बताए। टेलिफोन र इन्टरनेटको पहुँचसमेत नभएका दुर्गम स्थानमा भने गणकहरूको अनुगमन कठिन भएको थियो। गणकहरूले कुनै समस्या भोगेमा तत्काल सम्पर्क गरी समाधानको उपाय खोज्न पनि सक्दैनथे। एक स्थानीय जनगणना कार्यालयले दुईदेखि तीन स्थानीय तह हेर्नुपरेको र सीमित जनशक्ति (तीनदेखि चार जनाको दरबन्दी) ले धेरैभन्दा धेरै गणकलाई अनुगमन गर्न नसकिएको जनगणना अधिकारीहरूले बताए। जनगणना अधिकारीहरूलाई साधन र स्रोतको सीमितताले पनि गणनाकार्यको अनुगमन गर्न सहज नभएको पाइयो।

स्थानीय जनगणना कार्यालयमा परिचालन गरिएका स्थानीय तहका कतिपय कर्मचारीलाई पालिकाले कार्यवाहक जिम्मेवारीमा खटाएकाले उनीहरूलाई जनगणना र स्थानीय तहको दोहोरो कामको चाप थियो। रोल्पाको एक गाउँपालिकाले एक कर्मचारीलाई स्थानीय जनगणना अधिकारी बनाई काजमा खटाएको थियो तर जनगणनाको समयमा उनी गाउँपालिकाको तालिममा भाग लिन दाङ गएका थिए। कर्मचारीले पालिका र जनगणना कार्यालयको दोहोरो

भूमिका निर्वाह गर्दा जनगणनाका क्रियाकलापमा प्रभाव परेको जनगणना अधिकारीहरूले स्वीकारे । मधेश प्रदेशका एक जनगणना अधिकारीले भने, "स्थानीय जनगणना कार्यालयमा कर्मचारीलाई कामको भार परेको छ । गणना सामग्री वितरण तथा संकलन गर्नुपर्छ, फिल्डमा जानुपर्छ, गणक समस्या लिएर आइरहन्छन् त्यसको समाधान गर्नुपर्छ । एक जना कर्मचारी कार्यालयमै बस्नु पऱ्यो, रातदिन फोन आउँछ ।" उनका अनुसार कामको चाप बढी हुनाले जनगणनाको प्रत्यक्ष सुपरिवेक्षणमा प्रभाव परेको थियो । बागलुङका एक स्थानीय जनगणना अधिकारीले भने, "हामीलाई गणना अवधिमा सकेसम्म धेरै गणक तथा सुपरिवेक्षकको अनुगमन गर्न र उनीहरूलाई सल्लाह सुझाव दिन भनिएको थियो । तर हामीलाई तीन ओटा पालिकाको गणना प्रक्रिया हेर्नुपर्ने जिम्मेवारी भएकाले १५ दिनमा धेरैजसो गणकलाई प्रत्यक्ष भेट्न सकेनौँ ।"

७. गणनामा विभिन्न समुदायको संस्थागत अभियान र यसको प्रभाव

जनगणनामा विभिन्न जातीय, भाषिक, धार्मिक, लैङ्गिक, अपाङ्गता भएका व्यक्ति लगायत विभिन्न समुदायले आ-आफ्ना समुदायको न्यून गणना हुने हो कि भन्ने चासो र चिन्ता व्यक्त गरेका थिए । जातजातिको गणनामा व्यक्तिको थरलाई उसको जात वा जातिसँग जोडेर हेर्ने चलनले गर्दा गणकले अनुमानका आधारमा जातजातिको विवरण भरिदिने आशंका धेरै सरोकारवालाको थियो । विभिन्न जाति र समुदायका थर एक अर्कासँग मेल खाने हुनाले पनि अनुमानका भरमा गणकले विवरण भरेमा जातजातिको विवरण सही नआउने चिन्ता तिनको थियो । त्यसैले यी विभिन्न समुदायका अभियन्ताले आफ्ना समुदायको पहिचान खुल्ने गरी प्रश्नका जवाफ लेखाउने अभियान चलाएका थिए । पर्यवेक्षण गरिएका स्थानमा चलाइएका जातीय, भाषिक तथा धार्मिक अभियान र तिनले गणनामा पारेको प्रभावबारे यहाँ चर्चा गरिएको छ ।

७.१. सामुदायिक अभियान

समुदाय स्तरमा विभिन्न अभियान सञ्चालन गर्नेहरूमा जनजाति, मधेशी तथा मुस्लिम समुदायका संघसंस्था बढी सक्रिय थिए । तिनीहरूले 'राष्ट्रिय जनगणना २०७८' मा जनगणनाको प्रश्नावली र विधिमाथि प्रश्न उठाएका थिए ।[११] ती समुदायका अभियन्ताले जात, धर्म र भाषाको महलमा के लेखाउने भनेर पर्चा, पम्पलेट, फोन सम्पर्क, अनलाइन बैठक साथै सामाजिक सञ्जालको प्रयोग गरेर आफ्ना समुदायका नागरिकलाई जानकारी दिन विभिन्न गतिविधि गरेका थिए । ती मध्येका केही प्रतिनिधिले जनगणना कार्यालयका अधिकारीसँग भेटेर समुदायको गणनामा 'विशेष ध्यान' दिन अनुरोध गरेका थिए । उदाहरणका लागि, दाङमा हिन्दु र क्रिष्चियन धर्मका अभियन्ताहरू जिल्ला जनगणना कार्यालयमा गई आ-आफ्नो समुदायको गणनामा ध्यान दिन आग्रह गरेका थिए । त्यसै गरी झापाको मेचीनगर नगरपालिकामा आयोजना गरिएको धार्मिक कार्यक्रममा पुराण वाचकले जनगणनामा धर्मको महलमा सहभागीलाई हिन्दु धर्म लेखाउन आह्वान गरेको एक स्थानीयबासीले बताए । संस्थागत रूपमा समुदाय स्तरमा प्रत्यक्ष सञ्चालन गरिएका अभियानहरू निम्नानुसार थिए :

जनजातिको अभियान

नेपाल आदिवासी जनजाति महासंघका साथै त्यसमा आबद्ध विभिन्न जनजाति समुदायले सांगठनिक रूपमा आ-आफ्ना ढंगले विभिन्न अभियान सञ्चालन गरेका थिए । ती समुदायले जात, भाषा र धर्मको महलमा के लेखाउने भनी उल्लेख गरिएका पर्चा वितरण गरेका थिए । उनीहरूले सामाजिक सञ्जालबाट पनि यी पर्चा र सन्देश नागरिकमाझ पुऱ्याएका थिए । विशेष गरी धर्मको महलमा प्रकृतिपूजक, बौद्ध, किराँत लगायतका विकल्प, भाषाको महलमा मातृभाषा र पुर्खाको भाषामा आफ्नो समुदायको भाषा, र दोस्रो बोलिने भाषामा नजिकको आदिवासी जनजातिले बोल्ने भाषा र जातको महलमा आफ्नो सम्बन्धित जात लेखाउन

---

[११] प्रतिवेदन https://www.democracyresource.org/wp-content/uploads/2021/07/FINAL-Nepal-National-Census-2078-v.s.-13July2021-1.pdf मा उपलब्ध; फागुन ४, २०७८ मा हेरिएको ।

अपिल गरेका थिए। नेपाल मगर संघ, केन्द्रीय समितिले 'राष्ट्रिय जनगणना २०७८, मगर-जागरण राष्ट्रिय अभियान' नामक पर्चा वितरण गरेको थियो। उक्त पर्चामा जातजाति, पुर्खाको भाषा, मातृभाषा र धर्मको प्रश्नमा जवाफ र कोड के लेखाउने भनेर उल्लेख गरिएको थियो।

रौनियार समाजको अभियान

रौनियार समाजका अभियन्ताले धनुषामा आफ्नो समुदायको पहिचान नभएको भनी रौनियार थर र जात लेखाउने अभियान चलाएका थिए। रौनियार समाजले समुदायमा बैठक गरेर रौनियार घरपरिवारमा जातिको महलमा रौनियार लेखाउने जनगणना लक्षित अभियान चलाएका थिए। रौनियार समुदायमा पनि विभिन्न थर लेखिने गरेकोले त्यस्ता थरहरू अन्य जातिसँग मेल खाँदा अन्य जातिमा सूचीकृत हुने आशंका रौनियार समाजका अभियन्ताको थियो।

कायत एकता समाजको अभियान

बागलुङको ढोरपाटन नगरपालिकामा कायत एकता समाजले जनगणनामा आफ्नो समुदायको छुट्टै थर र जाति उल्लेख गरिनुपर्ने सुनिश्चित भएपछि मात्रै जनगणनामा सहभागी हुने घोषणा गरे। नगरपालिकाभर ७०-८० घरधुरी मात्र रहेको सो जाति त्यहाँको आदिवासी भएको उनीहरूको दाबी थियो। कायत जातिका एक अभियन्ताले आफ्नो समुदायले करीब दुई दशकदेखि आदिवासी जनजातिमा सूचीकरणका लागि संघर्ष गरेको तर कतैबाट पनि आफ्नो मुद्दाको सम्बोधन नभएको बताए। २०६८ को गणनामा आफूहरूले थर र जातिमा कायत भनेर लेखाउँदा पनि आफ्नो समुदायको जनसंख्या कहीँ नखुलेको गुनासो गरे। यसैले अहिलेको जनगणनामा पनि आफूहरूको पहिचान नखुलाएमा अन्य जातिमा पर्न सक्ने शंका गर्दै गणनामा सामेल नहुने निर्णय गरेका थिए। करीब १२ दिनको बहिष्कार पछि गणनाको १३ औँ दिनमा जिल्ला जनगणना र स्थानीय जनगणना अधिकारीको रोहबरमा समुदायको बैठक बसेर जनगणना अधिकारीले कायत जातिलाई छुट्टै जातिको जनगणना कोड का लागि सिफारिस गरिदिने र सूचीकरणका लागि केन्द्रीय तथ्याङ्क विभागसँग सहजीकरण गरिदिने आश्वासन पाएपछि जनगणनामा सामेल भए। अन्तिम दुई दिनमा गणकहरूले उनीहरूको गणना सम्पन्न गरे।

दलितको अभियान

दलित समुदायका अभियन्ताहरूले पनि आफ्नो समुदायको सही तथ्याङ्क आउनेमा शंका व्यक्त गरेका थिए । थुप्रै दलित थर गैर दलित समुदायसँग मिल्ने र पछिल्लो समयमा दलित समुदाय आफैले पनि गैर दलित थर लेखाउने गरेका कारण उनीहरू गैरदलितमा गणना हुन सक्ने दलित अभियन्ताहरूले बताए । दाङका एक दलित अभियन्ता तथा कानून व्यवसायीले भने, "विगत एक वर्षमा मैले करिब ३५-४० जना गैर दलित थर लेखाएका दलित व्यक्तिहरूले अदालती प्रक्रियाबाट दलित थर कायम गरी नयाँ नागरिकता लिन सहजीकरण गरेँ । अझै यस्ता धेरै दलित छन् जसले आफ्नो थर सच्याउन पाएका छैनन् । उनीहरू गैर दलितमा गणना हुने सम्भावना अधिक छ ।" दाङमै दलित अधिकारसम्बन्धी काम गरिरहेको एउटा संस्थाले जनगणनासम्बन्धी जानकारीमूलक अभियान सञ्चालन गर्न समुदाय स्तरमा करिब २० समूह परिचालन गरेको उक्त संस्थाका एक अभियन्ताले बताए ।

मगही फाउण्डेशनको अभियान

धनुषामा मगही फाउण्डेशन नामक संस्थाले समुदाय स्तरमा मगही भाषा लेखाउने अभियान सञ्चालन गरेको थियो । गणकलाई तालिम सञ्चालन भैरहेको समयमै मगही फाउण्डेशनका अभियन्ताहरूले मगही भाषा लेखाउन विभिन्न सचेतना कार्यक्रम आयोजना गरेको मगही फाउण्डेशनका अभियन्ताले बताए । सुनसरीको स्थानीय जनगणना कार्यालयमा सञ्चालन भएको गणक तालिममा पनि मगही अभियन्ताहरूले समय मागेका थिए । तर स्थानीय जनगणना अधिकारीले गणकले उत्तरदाताको जवाफका आधारमा विवरण लेख्ने हुनाले, गणकलाई के लेख्ने भन्ने दबाब नदिन अनुरोध गरेको बताए । जनगणनामा मगही भाषा लेखाउने अभियानलाई केही स्थानीय नागरिकहरूले मैथिली भाषा विरूद्धको प्रतिक्रियाको रूपमा लिएका पाइयो । धनुषाका एक पत्रकारले भने, "तराईका उच्च भनिने जाति जस्तै ब्राह्मण र कायस्थले आफूले बोल्ने मैथिली भाषालाई शुद्ध मान्छन् । अन्य जातिलाई शुद्ध मैथिली बोल्न जानेन भनेर हियाउने र हेयको दृष्टिले हेर्ने गर्छन् । यस्तो व्यवहारले मैथिली भाषा बोल्ने क्षेत्रका महतो र कुसवाहा जस्ता जातिमा मैथिली भाषाप्रति अपनत्व जाग्न सकेन । त्यसैले मैथिली भाषाको सट्टा मगही भाषा लेख्ने अभियान सञ्चालन गरे ।"

मुस्लिम समुदायको अभियान

सुनसरीको मुस्लिम बाहुल्य क्षेत्रमा पुर्खाको भाषा र मातृभाषाको महलमा उर्दू भाषा लेखाउने अभियान सञ्चालन गरिएको थियो । मुस्लिम धार्मिक गुरू र संघसंस्था पनि यस अभियानमा परिचालित थिए । मिन्जानिब: इस्लामिक संस्कृत केन्द्र धनुषाका एक प्रतिनिधिका अनुसार मुस्लिम समुदायका धार्मिक गुरू मौलवी, मौलनाले प्रवाह गरेको सन्देश प्रभावकारी हुने भएकोले उनीहरूले अभियानमा मुख्य भूमिका खेलेका थिए । "हाम्रो समुदायमा मौलवी, मौलानाहरू धेरै छन् । मौलानाले भनेको सबैले मान्छन् । जनगणनाबारे सन्देश सजिलै समुदायमा पुग्ने भयो । मस्जिदमा पर्चा बाँडेर जात, धर्म र भाषाको महलमा के लेख्ने भनेर सिकाइएको थियो," ती प्रतिनिधिले भने । मुस्लिम समुदायका एक अभियन्ताले मिथिला क्षेत्रमा मुस्लिम समुदायले मैथिली भाषा पनि बोल्ने हुँदा सबैले मैथिली लेखाउन सक्ने भएकोले आफ्नो भाषिक पहिचानको लागि उर्दू भाषा लेखाउने अभियान चलाएको बताए ।

गनगाई समुदायको अभियान

गनगाई समुदायले भाषाको महलमा पुर्खाको भाषा र मातृभाषासम्बन्धी अभियान चलाएका थिए । नेपाल गनगाई कल्याण परिषद्ले संस्थागत रूपमा निर्णय गरी झापा र मोरङको पूर्वी क्षेत्रमा बसोबास गर्ने गनगाई समुदायले पुर्खाको भाषा र मातृभाषा सुरजापरी र मोरङको पश्चिमी भेकमा बसोबास गर्ने गनगाईले पुर्खाको भाषा र मातृभाषामा अंगिका लेखाउने अभियान चलाएको थियो । त्यसै गरी दोस्रो बोलिने भाषाको रूपमा मोरङ जिल्लाको पूर्वी भाग र झापा जिल्लाका गनगाईले अंगिका लेखाउने र मोरङको पश्चिमी भागमा बसोबास गर्ने गनगाईले सुरजापुरी लेखाउने निर्णय उक्त संस्थाले गरेको थियो । २०६८ को जनगणनामा अंगिका र सुरजापुरी भाषा लेखाए पनि सूचीकरण नभएको गनगाई समुदायका एक अभियन्ताले बताए ।

मारवाडी समुदायको अभियान

मारवाडी समुदायले आफ्नो समुदायमा बोलिने भाषाको पहिचान नभएको भन्दै मारवाडी भाषा लेखाउने अभियान चलाएको थियो । जनगणना शुरू हुनुभन्दा अगाडि नै केन्द्रीय तथ्याङ्क विभागमा गएर मारवाडी भाषा सूचीकृत गरिदिन पत्राचार गरेको एक अभियन्ताले बताए । ती अभियन्ताका अनुसार विभागले सूचीकृत गर्ने आश्वासन दिए पनि त्यसो गरिएन ।

कबिर पन्थी धर्म लेखाउने अभियान

धनुषामा कबिर पन्थीहरूले आफ्नो छुट्टै धार्मिक पहिचानका लागि धर्मको महलमा कबिर पन्थी लेखाउने अभियान चलाएका थिए । उक्त धार्मिक सम्प्रदायका एक गुरूले आफूहरूको संख्या ठूलो भएको र आफ्नो छुट्टै धार्मिक पहिचानका लागि जनगणनामा कबिर पन्थी लेखाउने अभियान चलाएको बताए ।

प्रकृतिपूजक लेखाउने अभियान

केही आदिवासी जनजाति समुदायले धर्मको महलमा प्रकृतिपूजक लेखाउने अभियान चलाएका थिए । रूपन्देही, दाङ, रोल्पा र बागलुङमा मगर समुदायले धर्मको महलमा प्रकृतिपूजक वा बौद्ध धर्म लेखाउने अभियान चलाएका थिए । केही जनजाति समुदायमा भने धर्मको महलमा के लेखाउने भन्ने मतैक्य थिएन । राजवंशी समुदायमा हिन्दू धर्म लेख्ने र प्रकृतिपूजक (सनातन) लेख्ने दुवै थरी मत पाइयो । राजवंशी समाज विकास समितिले धर्मको महलमा प्रकृतिपूजक (सनातन) लेख्न अनुरोध गरेको थियो । गनगाई समुदायमा धर्मको महलमा हिन्दू लेख्ने कि प्रकृतिपूजक लेख्ने भन्नेबारे व्यक्ति विशेषमा छोडिएको नेपाल गनगाई कल्याण परिषद्का पदाधिकारीहरूले बताए ।

७.२. अभियानले गणनामा पारेको प्रभाव

विभिन्न समुदायले सञ्चालन गरेको संस्थागत अभियानले विभिन्न ठाउँमा गणना कार्य प्रभावित भएको थियो। अभियानकर्ताले जनगणनाको प्रश्नावली नियन्त्रणमा लिनेदेखि गणना बहिष्कारसमेत गरेका थिए। केही ठाउँमा अभियानकर्ताहरूले गणकलाई निश्चित उत्तर लेख्न दबाब दिइएको पनि पाइयो। इलामको रोङ गाउँपालिकाको घले गुरुङ बस्तीमा राई भाषा बोल्न नजान्ने गुरुङ समुदायले पनि दोस्रो बोलिने भाषामा राई भाषा लेखाउन गणकलाई दबाब दिएको त्यहाँका स्थानीय जनगणना अधिकारीले बताए। यस्तो दबाबले समुदायमा नबोलिने भाषा पनि तथ्याङ्कमा आउने देखियो। सोही पालिकामा खटिएका गणकले राई समुदायको दोस्रो बोलिने भाषामा नेपाली भाषा लेखेको आरोपमा अभियन्ताहरूले एक दिन प्रश्नावली नियन्त्रणमा लिएका थिए। पछि ती अभियन्ता र स्थानीय जनगणना अधिकारीबीच छलफल भई त्यसरी दबाब नदिने र उत्तरदाताको उत्तर मात्र गणकले लेख्ने सहमति भएको थियो।

मोरङको बेलबारी नगरपालिकामा राई समुदायको एउटा घरमा दोस्रो बोलिने भाषा गणकले नसोधीकन नेपाली लेखेपछि किराँत राई यायोख्खाका प्रतिनिधिले उक्त गणनाक्षेत्रमा दुई दिनसम्म गणना कार्य रोकेको अभियानकर्ताले बताए। सुनसरीको दुहबी नगरपालिकामा रौनियार थर जनगणनाको कोडमा उल्लेख नभएको पाएपछि विरोध गरेका थिए। यसले गर्दा एक दिन गणना कार्य प्रभावित भएको थियो। बागलुङको ढोरपाटन नगरपालिकामा बसोबास गर्ने कायत समुदायले आफ्नो थर र जातिको पहिचान लेखाउने अभियानले गर्दा १२ दिनसम्म उक्त समुदायको गणना प्रभावित भएको थियो।

विभिन्न समुदायका संस्थागत अभियानहरू लक्षित नागरिक सबैको घरदैलोमा पुग्न सकेका थिएनन्। झापामा अभियान चलाएका ताजपुरिया समुदायका एक अभियन्ताले भने, "हामीले ढिलो अभियान सञ्चालन गर्‍यौँ। अभियानका धेरै साथी विभिन्न राजनीतिक दलमा पनि आबद्ध छन्। उनीहरू सबैलाई पार्टीको महाधिवेशन लागेको छ। त्यसैले हाम्रो जनगणनासम्बन्धी अभियान ओझेलमा पर्‍यो। हामीले चाहेको कुरा समुदायसम्म प्रभावकारी रूपमा पुर्‍याउन सकेनौँ।"

८. निष्कर्ष

नेपाल संघीय संरचनामा गएपछिको पहिलो जनगणना २०७८ को गणना सम्पन्न भएको छ । यसले संघीय संरचना अनुरूपको महत्त्वपूर्ण जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक गतिविधिसम्बन्धी नयाँ तथ्याङ्क दिँदैछ । कोभिड-१९ महामारीको कारण शुरूमा घोषणा गरेको जनगणनाको कार्यतालिका प्रभावित भयो जसले गर्दा स्थानीय स्तरमा जनगणना कार्यालय स्थापना, कर्मचारी र जनशक्तिको व्यवस्थापन, सुपरिवेक्षक र गणक भर्ना तथा तालिम लगायत सम्पूर्ण नियमित गतिविधि स्थगित भए । जनगणनाको नयाँ कार्यतालिकामा सीमित समय र स्रोतका कारण सुपरिवेक्षक र गणकका तालिम संकुचित भएका थिए जसले गर्दा व्यावहारिक अभ्यास पर्याप्त हुन सकेको थिएन । गणकहरू तालिमबाट धेरैजसो विषयमा प्रस्ट भए पनि केही प्रश्न, विशेष गरी आर्थिक क्रियाकलाप, बसाइँसराइ, मातृ तथा बाल मृत्यु लगायतमा प्रस्ट नहुँदै गणनामा खटिएका थिए । त्यस खालको अस्पष्टताका कारण गणकले उत्तरमा आफ्नो विवेक लगाउनुपरेको वा सुपरिवेक्षक एवम् स्थानीय जनगणना अधिकारीलाई सोध्नु परेको थियो ।

जनगणनामा गणक र सुपरिवेक्षकका रूपमा सकेसम्म स्थानीय बासिन्दालाई नै छनोट गरिएको थियो । तिनलाई स्थानीय भाषा, संस्कृति र भूगोलको यथेष्ट ज्ञान थियो जसले गणनाकार्य सहज भएको थियो । क्षेत्र, समूह, धर्म, जातजातिको गणनामा गणकहरू सजक थिए । जाति, भाषा र धर्मको विषयमा समुदायका अभियन्ताहरूमा जनगणनामा उनीहरूको समुदायको सही तथ्याङ्क आउनेमा आशंका व्याप्त थियो । विभिन्न जातीय, भाषिक तथा धर्मिक समूहले आफ्नो समुदायमा अभियान चलाएका थिए । यस्ता अभियानले केही गणनाक्षेत्रको गणना कार्य केही समयका लागि प्रभावित भयो ।

सीमित स्रोत र साधनका बाबजुत जनगणना अधिकारीहरूले सक्रियतापूर्वक अनुगमन कार्यलाई नियमित गरेका थिए । यसले गणनामा हुने त्रुटि न्यूनीकरणमा सघाएको थियो । गणनाका क्रममा कुनै समस्या आइपरेमा समस्या समाधानका लागि जिल्ला र स्थानीय जनगणना अधिकारीहरू दुर्गम इलाकाका गणनाक्षेत्रमा पनि पुगेका थिए । केही स्थानीय जनगणना कार्यालयमा पालिकाले उपलब्ध गराएका कर्मचारीहरूले पालिका र जनगणनाको दोहोरो काम गर्नुपर्दा ती कर्मचारीहरूमा कामको चाप बढेको थियो ।

संघीय संरचनाअनुसार जनगणनालाई सञ्चालन गर्न केन्द्रीय तथ्याङ्क विभागले प्रदेश, जिल्ला र स्थानीय तहमा जनगणना कार्यालय स्थापना गऱ्यो । यद्यपि जनगणनामा प्रदेश र स्थानीय सरकारको कुनै मुख्य जिम्मेवारी थिएन । त्यसैले पनि प्रदेश र स्थानीय तहका सरोकारवाला र प्रतिनिधिहरूले जनगणनालाई संघ (केन्द्रीय तथ्याङ्क विभाग) को कार्यक्रमको रूपमा लिए । जनगणनाका तहगत कार्यालयहरू, र प्रदेश तथा स्थानीय सरकारबीच स्पष्ट नीतिगत कार्यजिम्मेवारी र समन्वय गरी जनगणनालाई अझै व्यवस्थित गर्न सकिन्थ्यो ।

नेपाल संघीय संरचनामा गए पछिको पहिलो 'राष्ट्रिय जनगणना २०७८' सम्पन्न भएको छ। यस जनगणनाले संघीय संरचना अनुरूपको महत्त्वपूर्ण जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक गतिविधिसम्बन्धी नयाँ तथ्याङ्क दिँदैछ । संघीय संरचनाअनुसार जनगणनालाई सञ्चालन गर्न केन्द्रीय तथ्याङ्क विभागले प्रदेश, जिल्ला र स्थानीय तहमा जनगणना कार्यालय स्थापना गऱ्यो। यद्यपि जनगणनामा प्रदेश र स्थानीय सरकारको कुनै मुख्य जिम्मेवारी थिएन । त्यसैले पनि प्रदेश र स्थानीय तहका सरोकारवाला र प्रतिनिधिहरूले जनगणनालाई संघ (केन्द्रीय तथ्याङ्क विभाग) को कार्यक्रमको रूपमा लिए। जनगणनाका तहगत कार्यालयहरू, र प्रदेश तथा स्थानीय सरकारबीच स्पष्ट नीतिगत कार्यजिम्मेवारी र समन्वय गरी जनगणनालाई अझै व्यवस्थित गर्न सकिन्थ्यो।

DEMOCRACY
RESOURCE CENTER